का.जि.प्र.का.द.नं. १००/०५९/६०
१५ असोज २०८१,
मंगलबार
1 October, 2024
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २३१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## प्रधानमन्त्री स्वदेश फर्किए

# प्रहरी प्रमुख र विपद् व्यवस्थापन प्राधिकरण प्रमुख विदेशमै

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ असोज ।

मुलुकमा बाढीपहिरो र डुबानले जनधनको क्षति भएको बेला प्रधानमन्त्री केपी शर्मा ओली विदेशमा रहेको भनेर आलोचना भएको थियो । संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन अमेरिका गएका प्रधानमन्त्री ओली सोमबार स्वदेश फर्किएका छन् ।

स्वदेश फिर्ता भएपछि प्रधानमन्त्री ओलीले प्रकोपका बेला पीडितलाई ढाडस दिनुपर्नेमा जनगुनासोविरुद्ध आक्रोश पोखेको भनेर आलोचना खेपिरहेका छन् ।

संयुक्त राष्ट्रसंघको महासभामा भाग लिएर स्वदेश फर्किएका ओलीलाई अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूले 'संयुक्त राष्ट्रसंघको महासभा र न्युयोर्क भ्रमणले मुलुकलाई के अर्थ राख्छ ?' भनेर सोधेका थिए ।

प्रधानमन्त्री ओलीले समस्या राख्न गरेको र समस्या राखेर फर्किएको बताए । विरोधका लागि विरोध नगर्न सुझाए ।

'म कुनै भैंसी दुहुन गएर, दुध लिएर आएँ भने जस्तो होइन । हाम्रा विचारहरू, हाम्रा समस्याहरू त्यहाँ राख्न गएको हो राखियो' प्रधानमन्त्री ओलीले भनेका छन् । जलवायु परिवर्तनका समस्या विश्वसमुदायका सामू राखिएको ओलीले बताए ।

ओलीले अविरल वर्षापछि आएको बाढी, पहिरो र डुबानबाट पृष्ठ २ मा



**विपद्प्रति राज्य संयन्त्रकै बेवास्ता**

## पीडितका लागि सहयोग जुट्दै



**शिव विक/मध्यान्ह**
काठमाडौं, १४ असोज ।

बाढी, पहिरो र डुबान पीडितका लागि लागि सहयोग जुट्न थालेको छ । यसमा राजनीतिक दल, नागरिक समाज, तीन वटै तहको सरकार निजी क्षेत्रको सक्रियता देखा परेको छ ।

सरकारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक अर्ब जम्मा गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओली अमेरिका भ्रमण सकाएर नेपाल फर्किएलगत्तै सोमबार साँझ प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले एक अर्ब सरकारले कोषमा जम्मा गर्ने निर्णय गरेको हो ।

बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सबै सदस्यले एक महिनाको तलब कोषमा जम्मा गर्ने निर्णय पनि गरेको छ ।

सरकारले बाढीपहिरोमा परी ज्यान गुमाएकाको परिवारलाई पृष्ठ २ मा

## ३ दिन राष्ट्रिय शोक घोषणा

सरकारले तीन दिन राष्ट्रिय शोक घोषणा गरेको छ । मन्त्रिपरिषदको बैठकले बाढी, पहिरो र डुवानका कारण भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै राष्ट्रिय शोक घोषणा गरेको हो । सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारी निवास बालुवाटारमा बसेको मन्त्रिपरिषदको बैठकले मंगलबारदेखि ३ दिन राष्ट्रिय शोक घोषणा गर्ने निर्णय गरेको हो । सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङका अनुसार राष्ट्रिय शोकको समयमा सरकारी कार्यालयहरुको झण्डा आधा झुकाइनेछ । तर सार्वजनिक बिदा हुने छैन ।

# प्रस्तावित प्रधानन्यायाधीशमाथि कार्यक्षमताको प्रश्न

प्रस्तावित प्रधान्याधीश प्रकाशमान सिंह राउतसँग प्रमाण मूल्यांकन गर्ने क्षमता नभएको आरोप लगाइएको छ । बाजुराका गगन ऐडीले न्यायाधीश राउतले पक्षपातपूर्ण व्यवहार गरेको आरोप लगाउँदै कार्यक्षमताको प्रश्न गरेका हुन् ।



**भावना पाठक/मध्यान्ह**
काठमाडौं, १४ असोज ।

कार्यक्षमताको प्रश्न उठाउँदै सर्वोच्च अदालतका लागि प्रस्तावित प्रधान्यायाधीश प्रकाशमान सिंह राउतविरुद्ध उजुरी परेको छ ।

राउतविरुद्ध परेका उजुरी सोमबार संसदीय सुनुवाइ समितिले सांसदहरूलाई वितरण गरेको छ । समिति सचिवालयका अनुसार राउतविरुद्ध ६ वटा उजुरी परेका छन् । जहाँ उनको कार्यक्षमतामाथि प्रश्न उठाइएको हो ।

गत भदौ ३१ गते बसेको संवैधानिक परिषद्को बैठकले प्रधानन्यायाधीशमा राउतको नाम सिफारिस गरेको थियो । त्यसपछि संवैधानिक परिषद्को सचिवालयले संसदीय सुनुवाइका लागि पठाएको थियो । संसदीय सुनुवाइले १० दिनको समय राखेर उजुरी आह्वान गरेको थियो । निर्धारित समयभित्र राउतविरुद्ध ६ वटा उजुरी परेका हुन् ।

राउतसँग प्रमाण मूल्यांकन गर्ने क्षमता नै नभएको आरोप लगाइएको छ । बाजुराका गगन ऐडीले न्यायाधीश राउतले पक्षपातपूर्ण व्यवहार गरेको आरोप लगाउँदै कार्यक्षमताको प्रश्न गरेका हुन् ।

न्यायाधीश प्रकाशमान सिंह राउत सम्मिलित इजलासबाट छोरा चेतनदास ऐडीको हत्यामा संलग्न भएकाहरूलाई साधारण तारेखमा छाडिएको उल्लेख गर्दै उनले प्रश्न उठाएका हुन् ।

राउतलाई कांग्रेस पृष्ठभूमि भएका न्यायाधीशको संज्ञा पनि दिइएको छ ।

उजुरीमा भनिएको छ, 'घटनामा संलग्न रहेकाहरूले नै एकले अर्काविरूद्ध बयान दिएको भए पनि कांग्रेस पृष्ठभूमि भएका न्यायाधीशहरू प्रकाशमान सिंह राउत र अब्दुल अजिज मुसलमानले पार्टीका वकिल र कार्यकर्ताको भनाइबाट उद्देलित भएर धरौटी समेत नमागी साधारण तारेखमा छाड्ने आदेश गरेका कारण गाउँघरमा बस्न नसक्ने अवस्था भयो ।'

यो विवरणसहित उजुरीकर्ताले राउतसँग प्रमाण मूल्यांकन गर्ने क्षमता नै नभएको आरोप लगाइएको हो । उजुरीमा भनिएको छ, 'न्यायाधीशसँग प्रमाणको मूल्यांकन गर्ने सक्ने कार्यक्षमताको अभाव रहेको देखिन्छ ।' राउतविरूद्ध चितवनकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# इजरायलका लागि विभागद्वारा २ हजार १ सय १२ जनाको नाम सार्वजनिक

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ असोज

वैदेशिक रोजगार विभागले इजरायलका दीर्घकालीन स्याहार केन्द्रहरुमा जानका लागि २ हजार १ सय १२ जनाको नाम सार्वजनिक गरेको छ । विभागले गत असार ११ गते प्रकाशित सूचनाअनुसार अनलाइन दरखास्त पेस गरेका उम्मेदवारमध्ये इजरायली पक्षले १ हजार १ सय ५६ महिला र ९ सय ५६ गरी २ हजार १ सय १२ जनाको छनोट सूची सार्वजनिक गरेको हो ।

विभागले गोलाप्रथा 'लट्री'बाट छनोट भएको भनि इजरायलको पिबाको इमेलमार्फत आधिकारिक जानकारी आएको बताएको छ । विभागले छनोट भएका कामदारको स्वास्थ्य परीक्षणको मिति पछि जानकारी दिने बताएको छ ।

यसअघि भर्ना प्रक्रियामा सहभागीको नाम छनोट गरेपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले त्यसमाथि छानबिन शुरु गरेको थियो । विभागले गत साउन २१ गते १ हजार ८ सय ६३ पुरुष र १ हजार ५ सय ९५ महिला गरी ३ हजार ४ सय ६१ जनाको नाम इजरायली संस्था 'पिबा'मा पठाएको थियो ।

इजरायलले लैजानेमध्ये ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुष हुनेछन् । इजरायल जाने कामदारको छनोट प्रक्रियामा अनियमितता भएको र कतिपय इन्स्टिच्युट सञ्चालकले वैदेशिक रोजगार विभागका अधिकृतहरुको नाम जोडेर इजरायलको रोजगारी पक्का भन्दै मोटो रकम उठाएको र कतिपयले नक्कली कागजात पेस गरेको सार्वजनिक भएको थियो । पृष्ठ २ मा

### मलेसियामा पाँच हजार अवैधानिक कामदार संकटमा

**क्वालालम्पुर/मस-** मलेसियामा रि-क्यालिब्रेसन कार्यक्रमअन्तर्गत सबै प्रक्रिया पूरा नभएका ५ हजार विदेशी कामदारको अवस्था संकटमा परेको छ । मलेसिया सरकारले गत जनवरी ९ तारिकमा करिब तीन महिनाको समय दिएर मार्च ३१ तारिकसम्ममा विदेशी कामदार हरुलाई वैधानिक बनाउने प्रक्रिया पूरा गर्न रोजगारदाताहरुलाई समय दिएको थियो । त्यस अवधिमा कम्पनीले जिम्मा पृष्ठ २ मा

# न्यायाधीश सिफारिसबारे टिप्पणी गर्दा अवहेलना मुद्दा

घिमिरेको अभिव्यक्तिले जनआस्था गिराउने काम गरेको भन्दै सर्वोच्च प्रशासनले नै अदालतको अवहेलना मुद्दा दायर गरेको हो । घिमिरेले प्रधानन्यायाधीश श्रेष्ठको अनुचित स्वार्थमा न्यायाधीश सिफारिस गरेको आरोप लगाएका थिए ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १४ असोज ।

नेपाल बार एशोसिएशनका अध्यक्ष गोपालकृष्ण घिमिरेमाथि अदालतको अवहेलना गरेको आरोपमा मुद्दा परेको छ ।

सर्वोच्च अदालतका लागि भएको न्यायाधिश सिफारिसबारे टिप्पणी गर्दा उनिमाथि अदालतको अपहेलना मुद्दा लागेको हो ।

सर्वोच्चका उपरजिष्ट्रार गोविन्दप्रसाद घिमिरेले तयार पारेको प्रतिवेदनका आधारमा घिमिरेविरुद्ध अवहेलना मुद्दा दर्ता भएको छ ।

गत शुक्रबार नेपाल बारको विरोधका बाबजुद न्याय परिषदले सर्वोच्च अदालतमा दुई जना न्यायाधीश सिफारिस गरेको थियो । प्रस्तावित



न्यायाधीश हुन - नृपध्वज निरौला र नित्यानन्द पाण्डे । दुवै प्रस्तावित न्यायाधीशद्वयउपर संसदीय सुनुवाइको प्रक्रिया अगाडि बढेको छ ।

तर, विरोधका बाबजुत सर्वोच्च अदालतमा दुई जना न्यायाधीश सिफारिस भएपछि बार अध्यक्ष घिमिरले प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठविरुद्ध चर्को अभिव्यक्ति दिएका थिए ।

न्याय परिषद नियावली संशोधनका विषयमा उठेको विवाद निरुपण नगरी परिषदले एकलौटी रुपमा न्यायाधीश सिफारिस गर्नु आपत्ति जनक भएको र त्यसमा परिषद अध्यक्ष समेत रहेका प्रधानन्यायाधीश श्रेष्ठको अनुचित स्वार्थ रहेको आरोप घिमिरेले लगाएका थिए ।

यही विषयलाई लिएर घिमिरेविरुद्ध अदालतको अपहेलना मुद्दा दर्ता भएको हो ।

न्यायाधीश सिफारिस उपर टिप्पणी गर्दै बार अध्यक्ष घिमिरेले भनेका थिए, 'अहिलेको बार गैरसंवैधानिक काममा कम्प्रमाइज गर्दैन । गैरन्यायिक काममा कम्प्रमाइज गर्दैन । आज मैले जति बोलेको छु नि पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१५ असोज २०८१, मंगलबार
1 October 2024, Tuesday

# प्रभावकारीरुपमा बजार अनुगमन गर्न मन्त्री भण्डारीको निर्देशन

**काठमाडौं/मस**–उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले विपद्जन्य अवस्थाको फाइदा उठाउँदै पर्वको मुखमा महंगी, कालोबजारी र कृत्रिम अभाव सिर्जना हुनसक्नेतर्फ सचेत हुँदै मातहतका निकायलाई कडाइ गरेर प्रभावकारी रुपमा बजार अनुगमन गर्न निर्देशन दिएका छन् ।

उनले वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक राजन पौडेललाई मन्त्रालयमै डाकेर पछिल्लो विपद्को फाइदा उठाउँदै बजारमा हुने ठगी नियन्त्रणमा निर्मम भएर देशव्यापी रुपमा अनुगमन गर्न निर्देशन दिएका हुन् ।

'बजारबाट हामीलाई पनि विभिन्न माध्यमबाट दिनहुँ महंगी, कालोबजारी र कृत्रिम अभावसम्बन्धी जानकारी प्राप्त भइरहन्छ, ती सूचना पनि यहाँबाट विभागलाई प्राप्त होला, तर विभागले देशभरका मातहतका निकायलाई सक्रिय बनाएर अनुगमनलाई तीव्रता दिनुपर्छ', मन्त्री भण्डारीले भने । साथै उनले मन्त्रालयबाट अनुगमनका लागि विभागलाई गर्नुपर्ने सहयोगमा कमी नहुने बताए ।

यस्तै, मन्त्री भण्डारीले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत रमेश आचार्य र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडका प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठलाई चाडपर्वलाई लक्षित गरेर सञ्चालनमा ल्याइएका सुपथ मूल्य पसललाई सर्वसुलभ बनाउन निर्देशन दिएको उका स्वकीय सचिव आनन्द भट्टले जानकारी दिए ।




वाणिज्य मन्त्रालय मातहतका उक्त व्यापारिक संस्थालाई उपभोक्तामुखी भएर अत्यावश्यक दैनिक उपभोग्य सामानको मौज्दात बढाउन मन्त्री भण्डारीले द्वय प्रमुख कार्यकारी अधिकृतलाई निर्देशन दिए । उनले भने, 'उपभोक्ताले सर्वसुलभरुपमा अत्यावश्यक दैनिक उपभोग्य वस्तु पाउनुपर्‍यो, सुपथ मूल्य पसल व्यवस्थित बनाउनु होला, पसल थप सञ्चालन गर्नुपर्ने भए त्यो पनि गर्नुस्, न्यूनतम मौज्दात कायम जुनसुकै हालतमा पनि हुनुपर्छ, मन्त्रालयले के सहयोग गर्नुपर्छ जानकारी गराउनूस् ।' साथै मन्त्री भण्डारीले नेपाल आयल निगमका चण्डीकाप्रसाद भट्टलाई एलपी ग्यासको आवश्यक मौज्दात बढाउन निर्देशन दिए ।

यसैबीच, होटल संघ नेपालले निराधार रुपमा आफूखुसी कुनै सम्झौता नै नगरेको विषयमा प्रचारबाजी गरेकामा मन्त्री भण्डारीको सचिवालयले आपत्ति जनाएको छ । 'होटल संघसँग अनुगमन नगर्ने कुनै सहमति भएको छैन, बरु केही होटलहरुले अधिकतम खुद्रा मूल्यभन्दा बढीमा अत्यावश्यक वस्तुको बेचबिखन गरिरहेका सूचना प्राप्त भएका छन्, अनुगमनलाई मन्त्रीज्यूले कडाइ गर्न निर्देशन गरिसक्नुभएको छ', मन्त्री भण्डारीका स्वकीय सचिव भट्टले भने ।

यस्तै, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग राज्यका प्रचलित कानुनबमोजिम नियमित बजार अनुगमन गर्ने कामलाई निरन्तरता दिँदै गुणस्तरीय वस्तुको उचित मूल्यमा सुलभ आपूर्तिको सुनिश्चितताका लागि हरदम प्रयत्नशील रहिरहेको जनाएको छ ।

विभागका प्रवक्ता डिकबहादुर काकीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, 'विभागले वर्षेभर गर्ने नियमित बजार अनुगमनका अतिरिक्त चाडपर्व लक्षित विशेष अनुगमनलाई अझ सशक्त र प्रभावकारी बनाएको, सार्वजनिक बिदामा समेत अनुगमन टोली परिचालन गरिएको र होटल तथा रेष्टुरेन्टलगायत सबै व्यापार व्यवसायमा विशेष अनुगमन गरिँदै आएको र यसलाई अझ सशक्त बनाइने व्यहोरा सबै सरोकारवालालाई जानकारी गराइन्छ ।'

# दुई दिनमा ३० हजार यात्रुले लिए अग्रिम टिकट



**काठमाडौं/मस**–नेपालीहरुको महान् पर्व दशैं, तिहार तथा छठ मनाउन घर जानका लागि दुई दिनमा २९ हजार नौ सय ५५ यात्रुले बसको अग्रिम टिकट लिएका छन् । नयाँ बसपार्कबाट मात्र दुई दिनमा सो सङ्ख्यामा अग्रिम टिकट बिक्री भएको हो ।

सरकारले यही असोज १२ गतेदेखि चाडपर्वका लागि अग्रिम टिकट बुकिङ खुला गरेको थियो । यातायात व्यवस्था विभाग, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय र नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको गतहप्ता बसेको बैठकले गत शनिबारदेखि लामो दूरीका सवारीसाधनका लागि अग्रिम टिकट बुकिङ खुला गरेको थियो ।

नयाँबसपार्क सञ्चालनको जिम्मा लिएको ल्होत्से बहुउद्देश्यीय प्रालिका मानव संशाधन प्रमुख पंकज मल्लका अनुसार असोज १२ गते १८ हजार तीन सय ६५ र असोज १३ गते ११ हजार पाँच सय ९० यात्रुले अग्रिम टिकट लिएका थिए । सरकारले सुदूरपश्चिमको दार्चुला, धनगढी, टीकापुर, बझाङ, बाजुरा, प्यूठान, रुकुम, रोल्पालगायतका स्थान तथा पूर्वको काँकडभिट्टा, भद्रपुर, तेह्रथुम, खाँदबारी, ताप्लेजुङ, भोजपुर, इलाम, पशुपतिनगर, धरान, विराटनगरलगायतका स्थानमा जाने यात्रुलाई अग्रिम टिकट दिन शुरु गरेको हो । पृथ्वी राजमार्गअन्तर्गत गोरखा, पोखरा, लमजुङ, बागलुङ, म्याग्दी, स्याङ्जा, नुवाकोट, रसुवालगायतका छोटो दूरीमा जाने सवारीसाधनको टिकट भने चाँडै खुला गर्ने सरकारको तयारी छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले दशैं मनाउन घर जाने यात्रुलाई सुरक्षित तवरले गन्तव्यस्थलमा लैजान महासङ्घ लागिपरेको बताए ।

वर्षाका कारण तीन दिनदेखि काठमाडौंमा रोकिएका सार्वजनिक सवारीसाधान क्रमशः नयाँ बसपार्कबाट गन्तव्यस्थलतर्फ जान थालेका छन् । दशैंमा २० लाखभन्दा बढी यात्रु प्रत्येक वर्ष उपत्यकाबाट बाहिरिने गरेको तथ्यांक छ ।

# धादिङ र काभ्रेका सीडीओ गृहमा तानिए

**काठमाडौं/मस**–गृह मन्त्रालयले धादिङ र काभ्रेपलाञ्चोकका प्रमुख जिल्ला अधिकारी (सीडीओ)लाई केन्द्र (मन्त्रालय)मा तानेको छ ।




धादिङमा गृह मन्त्रालयका सहसचिव सुमन घिमिरेलाई र काभ्रेमा उमेश ढकाललाई प्रमुख जिल्ला अधिकारी बनाएर पठाइएको गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले जानकारी दिए । धादिङमा यसअघि राजेन्द्रदेव पाण्डे र काभ्रेमा सूर्यप्रसाद सेढाइँ प्रमुख जिल्ला अधिकारी थिए । विपद्बारेको पूर्वसूचना हुँदाहुँदै सवारीसाधन सञ्चालनमा रोक नलगाएको, तत्काल उद्धार कार्यमा समेत प्रभावकारी भूमिका निभाउन नसकेको भन्दै उनीहरुलाई मन्त्रालय तानिएको हो । यस्तै प्रहरी प्रधान कार्यालयले धादिङ जिल्लाका प्रहरी प्रमुख एसपी गौतम केसीलाई हेडक्वाटर तानेको छ । केसीको सट्टा दीपेन्द्र शाहीलाई धादिङ प्रहरी प्रमुख बनाएर पठाइएको छ ।

बाढी पहिरोको विपत्तिको जोखिमको बेला काम सन्तोजनक नभएको भन्दै प्रहरी हेडक्वाटरले धादिङका प्रहरी प्रमुख हेरफेर गरेको हो ।

## प्रधानमन्त्री...

प्रभावितहरूको उद्धार, राहत, घाइतेको उपचार लगायतका काम सरकारले प्रदान गरेको र अझ प्रभावकारी रूपमा गरिने पनि बताए । सरकारले खेलेको भूमिकाको विरोधका लागि मात्रै विरोध नगर्न पनि आग्रह गरे ।

प्रधानमन्त्री फर्किएतापनि उद्धारमा समेत खट्नुपर्ने सुरक्षा निकायका प्रमुख प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवर भने विदेशमै छन् ।

प्रहरी महानिरीक्षक कुँवर यही असोज ७ गते ग्रीस गएका थिए । ३८ औं अन्तर र्‍ाष्ट्रिय लागुऔषध कार्यान्वयन सम्मेलनमा भाग लिन ग्रीसको राजधानी एथेन्स पुगेका उनी स्वदेश फर्किएका छैनन् । जबकी उक्त कार्यक्रम असोज ८ गते सुरु भएर १० गते सकिएको थियो ।

तर, महानिरीक्षक कुँवर अझै स्वदेश फर्किएका छैनन् ।

प्रहरी प्रमुख मात्रै होइन, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेल पनि विदेशै छन् ।

उनी गत शनिबार बेलायत गएका थिए । त्यही दिन काठमाडौं उपत्यकासहित बिभिन्न जिल्लामा बाढीपहिरोले ठूलो क्षति पुर्‍याएको थियो ।

गत शुक्रबार र शनिबारको अविरल वर्षाले काठमाडौंसहित देशका विभिन्न भाग बाढी र पहिरो जाँदा त्यसमा परेर दुई सय भन्दा बढी नागरिकको ज्यान गइसकेको छ ।

गृहमन्त्रालय मातहत रहेको यो प्राधिकरणको मुख्य काम नै विपद्का बेला खोज, उद्धार तथा राहत प्रदान गर्ने, गराउने हो । विपद्का बेला सुरक्षा निकायलाई तत्काल परिचालन गर्ने गरी दुरूस्त राख्ने, विस्थापितलाई अस्थायी पुनर्स्थापित गराउने जस्ता जिम्मेवारी प्राधिकरणको रहेको छ ।

संघ, प्रदेश र स्थानीय तह देखि गैर सरकारी संस्था, निजी क्षेत्र सबैसँग समन्वय गर्ने, विपद्का सम्भावित घट्नाबारेमा सम्बन्धित सबैलाई पूर्व जानकारी गराउने लगायतका जिम्मेवारी पाएको यो प्राधिकरण विपद्पछिको उद्धार तथा राहत सम्बन्धी कार्यको समन्वय तथा परिचालन गर्ने समयमा समेत नेतृत्वविहीन जस्तै छ । किनभने यो बेला राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख पोखरेल विदेशमै छन् ।

## पीडितका...

जनही २ लाख रुपैयाँ राहत दिने निर्णय पनि गरेको छ । प्राकृतिक विपदका कारण १० दिनसम्म बेपत्ता रहेका सदस्यलाई पनि मृतककै रुपमा मानेर परिवारलाई २ लाख दिइनेछ ।

प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रले बाढीपहिरो प्रभावितका लागि पार्टीका सांसदहरुले १० दिनको तलब दिने भएको छ । आइतबार बसेको पार्टीको पदाधिकारी बैठकले निर्णय गरेपछि राहत कोषमा रकम जम्मा गर्न मातहतका कमिटीलाई परिपत्र गरिएको छ ।

संघीय र प्रदेशसभा सदस्यहरूले दश दिनको पारिश्रमिक जम्मा गर्ने भएपनि स्थानीय तहका जनप्रतिनिधिलाई स्वैच्छिक सहयोग गर्न भनिएको छ ।

सत्तारुढ दल नेपाली कांग्रेसले विपद् राहत कोषमा ५० लाख रुपैयाँ जम्मा गर्ने भएको छ । आइतबार सभापति शेरबहादुर देउवा निवास बुढानिलकण्ठमा बसेको केन्द्रिय कार्यसम्पादन समितिको बैठकले कांग्रेसका सांसदहरूको १५ दिनको तलब उपलब्ध गराउने निर्णय गरेको छ ।

भाटभटेनी सुपर मार्केटका सञ्चालक मिनबहादुर गुरुङले पनि बाढी पहिरो र डुबान पीडितको सहयोगार्थ एक करोड ११ लाख रुपैयाँ प्रदान गरेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार व्यवसायी मीनबहादुर गुरुङ दम्पतीसँग भेट भएको र उनीहरूले बाढी पहिरो पीडितको राहतका लागि एक करोड, ११ लाख, ११ हजार एक सय ११ रुपैयाँको चेक दिएको जानकारी दिएका छन् ।

उक्त रकम प्राकृतिक विपत्ति उद्धार कोषमा प्रदान गरिएको भन्दै प्रधानमन्त्री ओलीले गुरुङको परिवारलाई धन्यवादसहित सामाजिक सञ्जाल फेसबुकमार्फत तस्विरसहित सार्वजनिक गरेका छन् ।

नेपाल दुई सय जना भन्दा बढीको ज्यान जाने गरी गएको बाढी, पहिरो र डुबानको शोकमा छ । यो बेला पीडितका लागि सहयोग समेत जुट्न थालेको हो । यसमा राजनीतिक दल, नागरिक समाज, तीन वटै तहको सरकार निजी क्षेत्रको सक्रियता देखा परेको छ ।

बागमती प्रदेशको सर्वदलीय बैठकले पनि बाढी, पहिरो र डुवानबाट मृत्यु भएकाको परिवारलाई तत्काल दुई लाख दिने निर्णय गरेको छ ।

मुख्यमन्त्री बहादुर सिं लामाको अध्यक्षतामा सोमबार साँझ ललितपुरको जाउलाखेलस्थित प्रदेश सुशासन केन्द्रमा बागमती प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुको सर्वदलीय बैठकले विपदबाट प्रभावित प्रदेशभित्र बसोबास गर्ने परिवारलाई राहत तथा क्षतिपूर्ति स्वरुप प्रतिमृतक दुई लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको हो ।

बाढीपहिरोले आवासविहीन भएका प्रभावित परिवारलाई अस्थायी संरचना निर्माणका लागि एक लाख रुपैयाँ दिने निर्णय गरिएको छ ।

## प्रस्तावित...

शुभलक्ष्मी थपलियाले पनि उजुरी दिएकी छन् । जसमा आफ्नो संवैधानिक हक नै मासेर उठिबास लाग्ने गरी त्रुटिपूर्ण फैसला दिएको आरोप लगाइएको छ । राजमार्गमा परेका कारण आफ्नो ११ आना जग्गा गुमेको र बाँकी रहेको ३ आना जग्गाबारे अदालतले गरेको फैसलाले उठिबास लगाएको आरोप उनको रहेको छ ।

'२०८० साल चैत १५ गते चितवन हाजीपुरमा ११ आना जग्गा राजमार्गमा परेको र ३ आना जग्गा जग्गाको सवालमा उठिबास लाग्ने गरी त्रुटिपूर्ण फैसला भएको छ' उजुरीमा उल्लेख छ ।

उजुरीमार्फत अदालत सुधारको उपायबारे समेत राउतको धारणा माग गरिएको छ । जहाँ भनिएको छ, 'प्रकाशमान सिंह राउत प्रधानन्यायाधीश भएपछि न्यायपालिकामा भैरहेका भ्रष्टाचारजन्य कार्यहरू समाधान हुन्छन् र जनताले सहज र प्रभावकारी न्याय सेवा पाउँछन् भन्ने ग्यारेण्टी के छ ?'

उजुरीमा अगाडि भनिएको छ, 'अदालतका कर्मचारीले फाइल भेटिएन भन्छन् । फाइल भेट्ने गरी राख्ने काम सेवाग्राहीको होइन, अदालतका सम्बन्धित कर्मचारीहरूको हो । मुद्दा दर्ता गर्न तारिख र सामान्य प्रतिलिपी लिन घण्टौं कुर्नुपर्ने अवस्था छ ।'

यसमा सुधारका लागि के कस्ता योजना रहेको छ भनेर राउतसँग माग गरिएको छ ।

राउतविरूद्ध अमेरिकाबाट समेत उजुरी आएको छ । नेपाली सेनाका अवकाश प्राप्त सेनानी प्रज्वल बस्नेतले अमेरिकाबाट उजुरी दिएका हुन् ।

जसमा राउतले गरेको सैनिक ऐनको व्याख्याका सम्बन्धमा प्रश्न उठाइएको छ । राउतले गरेको व्याख्याबारे सांसदहरूसँग विस्तृत छानबिन र प्रश्नोत्तर माग गरिएको छ ।

अर्को उजुरी - श्रीमतीसँग विवादित रहेको र झगडिया रहेको टिप्पणी गरिएको छ । गोप्य रुपमा दिइएको उजुरीमा श्रीमतीसँग विवादित र झगडिया व्यक्ति रहेको र यस्तो प्रधान्यायाधीश हुन लागेको भनिएको छ ।

'श्रीमतीसँग विवादित झगडिया तपाईं प्रधानन्यायाधीश हुँदै हुनुहुन्छ, बधाई छ,' उजुरीमा उल्लेख छ ।

भ्रष्टाचार र सुशासनको विषयमा छानबिन हुन्छ कि हुँदैन, न्यायाधीशमाथि छानबिन हुन्छ कि हुँदैन भनेर पनि प्रश्न गरिएको छ । 'हाइड्रो पावरमा लगानी गर्ने, साग्रिलामा पौडी खेल्ने र गोपालको डाँडामा रेष्टुरेण्टमा रासमोज गर्ने, बालुवाटारको जग्गा खाने, सालोलाई दलाली गराउने र अपार्टमेन्टमा लगानी गर्ने माननीय न्यायाधीश उपर छानबिन हुन्छ कि हुँदैन ?' उजुरीमा उल्लेख छ ।

साथै नेपाली सेनाविरुद्धको मुद्दामा सदैव स्थगित गर्ने गरेको आरोप लगाइएको छ । उजुरीमा भनिएको छ, 'नेपाली सेना विरूद्धको मुद्दामा किन सर्वोच्च अदालतले फैसला नगरी सदैव स्थगित गर्ने गरेको हो ?' प्राप्त उजुरीहरू अध्ययन गरेर समितिले आज मंगलबार उजुरीकर्तासँग छलफल गरेर बुधबार राउतको संसदीय सुनुवाइ गर्ने भएको छ ।

सुनुवाइका लागि सुनुवाइ समितिको सचिवालयले प्रस्तावित प्रधानन्यायाधीश राउतको कार्ययोजनासमेत अध्ययनका लागि सदस्यहरूलाई उपलब्ध गराएको छ ।

## इजरायलका...

त्यसमा छानबिन जारी रहेको श्रम मन्त्रालयले जनाएको छ ।

शुरुमा एक हजार पाँच सय नेपाली लैजाने सहमतिअनुसार आवेदन माग भएको अवस्थामा इजरायलले दुई हजारसम्म लैजाने सहमति जनाएको हो । यसअघि इजरायलबाट आठ सय नेपाली कामदारको माग आएको थियो । त्यसमा ५ सय जना मुख्य उम्मेदवार र ३ सय जना वैकल्पिक उम्मेदवार छनोट हुने व्यवस्था थियो ।

इजरायलमा नेपाली केयर गिभरको तलब २ लाख १० हजार रुपैयाँ छ भने शुरुमा करार अवधि १ वर्षको भए पनि करार अवधि थप गर्दै ५ वर्षसम्म बस्न पाइने भएकाले खाडी तथा मलेसिया जानुभन्दा इजरायल जान युवाहरुमा आकर्षण देखिएको बताइएको छ । नेपालले छनोट प्रक्रियामा अलमल गरिरहेको बेला भारतले भने १५ हजार कामदार पठाइसकेको छ ।

## मलेसियामा...

लिएका अवैधानिक विदेशी कामदारमध्ये ५ हजारभन्दा बढीको प्रक्रिया पूरा भएको छैन । त्यसमा केही नेपाली कामदारहरु रहेको हुन सक्ने आंकलन छ ।

वैधानिकता पूरा गरी काममा लगाउने जिम्मा लिएका मलेसियाली रोजगारदाताहरहरुले संक्रमणकालका लागि उनीहरुलाई बाँकी रहेका रि-क्यालिब्रेसन मामिलाहरु पूरा गर्न दिन र वैधानिकीकरण प्रक्रियाको बीचमा रहेका कामदारहरुलाई हिरासत र देश निकाला नगर्न आग्रह गरेका छन् ।

रोजगारदाताहरुले अवैधानिक विदेशी कामदारहरुलाई वैधानिकीकरण गर्न उनीहरुको स्वास्थ्य परीक्षणसहित स्वीकृत कोटाको शुल्क तिरिसकेको जिकिर लिएका छन् । प्रक्रिया पूरा नभइसकेका कामदारलाई थुनामा नपठाउन आग्रह गर्दै गत हप्ता मलेसियाको गृह मन्त्रालय परिसर अगाडि शान्तिपूर्ण विरोध प्रदर्शनमा उत्रिएका दर्जनौं रोजगारदाताले रि-क्यालिब्रेसन प्रक्रिया अचानक बन्द हुँदा रोजगारदाता र विदेशी कामदारहरु अनिश्चिततामा परेको बताएका थिए । यसले आफ्नो विदेशी कामदार दर्ता गरेर कानूनको पालना गर्ने रोजगारदाताहरुलाई ठूलो असर गरेको उनीहरुको भनाइ छ । मलेसियामा निर्माण, वृक्षारोपण र उत्पादनलगायत क्षेत्र पूर्णरुपमा विदेशी कामदारमा निर्भर रहेका छन् ।

## न्यायाधीश...

प्रधानन्यायाधीशको खिलाफमा । सक्नुहुन्छ भने प्रधानन्यायाधीशज्यू, मलाई थुन्न मिल्छ तपाईंले थुन्नुस् । मलाई थुनेर तपाईंले गरेको गैरन्यायिक र गैरसंवैधानिक काम संवैधानिक हुन्छ भने थुन्नुस् । मेरो चुनौती हो । मैले त तपाईंलाई लेनदेनको आधारमा न्यायाधीश नियुक्ति गर्नुभयो भनेर भनिसकें । मैले त तपाईंलाई यो आफूले लिएको हिसाबकिताब मिलानका लागि न्यायाधीश नियुक्ति गर्नुभयो भनेर भनिसकें । सक्नुहुन्छ थुन्न भने थुन्नुस् ।'

घिमिरेको यही अभिव्यक्तिविरुद्ध अदालतको अवहेलना गरेको भनेर मुद्दा परेको हो । मुद्दा दर्ता गर्दा घिमिरेको अभिव्यक्तिले जनआस्था गिराउने काम गरेको भन्दै अवहेलना मुद्दा दायर गरिएको सर्वोच्च प्रशासनले जनाएको छ ।

न्यायपरिषदको सचिवालयले सोमबार नै विज्ञप्ति निकालेर बार अध्यक्ष घिमिरेले प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठमाथि अनर्गल र आधारहीन आरोप लगाएको भन्दै खण्डन गरेको थियो ।

न्यायपरिषदका सबै सदस्यले सामूहिक निर्णयका आधारमा नाम सिफारिस गरेको भन्दै न्यायपरिषदको सचिवालयले बार अध्यक्ष घिमिरेको अभिव्यक्तिले भ्रम फैलाएको भनिएको थियो ।

# पत्रकारलाई जेल पठाउने सर्वोच्चको फैसलाप्रति महासंघको असन्तुष्टि

**काठमाडौं/मस**– पत्रकारलाई जेल पठाउने सर्वोच्च अदालतको फैसलाप्रति नेपाल पत्रकार महासंघले गम्भीर चासो र चिन्ता व्यक्त गरेको छ ।




सञ्चारमाध्यमले माफी मागेर गलत सामग्री हटाइ सकेको अवस्थामा सर्वोच्च आफैंले प्रतिवेदन उठान गरेर निवेदन दर्ता गरी आफैंले पत्रकारलाई जेल पठाउने फैसला गरेको भन्दै महासंघले गम्भीर चासो र चिन्ता व्यक्त गरेको हो ।


पत्रकार महासंघका महासचिव रोसन पुरीले सोमबार विज्ञप्ति निकालेर सिधाकुरा डटकमका प्रकाशक युवराज कँडेल र कार्यकारी सम्पादक नवीन ढुंगानाका सन्दर्भमा सर्वोच्च अदालतबाट आएको फैसलाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको जनाएका हुन् ।

'समाचार स्रोतलाई विश्वास गरेर गलत समाचार प्रकाशन/प्रसारण गरेको स्वीकार गर्दै सम्बन्धित सञ्चार संस्थाले उक्त समाचार हटाएको र माफीसमेत मागिसकेको थियो । स्रोतबाट प्राप्त सामग्री पत्रकारले प्रयोगशालामा परीक्षण गर्ने व्यवस्था नभएको र सञ्चारसम्बन्धी नीति तथा कानूनले त्यस्तो व्यवस्था नगरेको अवस्थामा प्रकाशित सामग्री गलत भएमा सच्चाउने व्यवस्था पत्रकार आचारसंहितामा गरिएको छ', विज्ञप्तिमा भनिएको छ, 'सञ्चारमाध्यममा आएका सामग्रीमा चित्त नबुझेमा प्रचलित कानूनको अधीनमा रहेर प्रेस काउन्सिल नेपाल र अदालतबाट निरूपण हुनुपर्छ भन्ने मान्यता महासंघको रही आएको छ । तसर्थ कुनै पनि फैसला संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रता र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको विश्वव्यापी मान्यताविरुद्ध हुनुहुँदैन ।' महासंघले कुनै पनि फैसला वा निर्णय सञ्चार क्षेत्र नियन्त्रणका लागि दीर्घकालीन नजिर नबनोस् भन्ने विषयमा सम्बन्धित पक्षको ध्यानाकर्षण गराएको छ । साथै संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रता, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको विश्वव्यापी मान्यताको पक्षमा नेपाल सरकार, न्यायालय र अन्य सम्बन्धित पक्षलाई गम्भीर हुन महासंघले आग्रह गरेको छ ।

# बल्खु तरकारी बजारमा बाढीले तीन करोडको क्षति

**काठमाडौं/मस**-काठमाडौं महानगरपालिका-१४ बल्खुस्थित फलफूल तथा तरकारी बजारमा केही दिनअघिको वर्षाका कारण तीन करोड बराबरको क्षति भएको छ ।

पन्ध्र रोपनी क्षेत्रफलमा फैलिएको बजार सूर्यकमल प्रालिले सञ्चालन गर्दै आएको यो बजार बागमती र बल्खु खोलाको प्रभाव क्षेत्रमा पर्छ । बजारमा करिब पाँच सय थोक तरकारी तथा कृषि सामग्री बिक्री कक्ष रहेको प्रालिका लेखापाल रेशव जोशीले जानकारी दिए ।



अविरल वर्षापछि आएको बाढीले बजार क्षेत्र अस्तव्यस्त छ । बजारमा अझै हिलो पन्छ्याउने कार्य जारी छ ।

चार वर्षदेखि यहाँ थोक पसल चलाइरहेका गोपाल कटुवालले दशैंका लागि २० लाखको सामान राखेकामा बाढीले सबै नष्ट गरेको बताए । बचेको केही सामान जम्मा गरेर हिलो पखालिरहेको उनले सुनाए ।

# धमाधम साक्षर घोषणा हुँदै जुम्लाका पालिका

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १४ असोज

जुम्लाका ६ वटा गाउँपालिका साक्षर घोषणा गरिएको छ । जुम्लाको हिमा गाउँपालिका, चन्दननाथ नगरपालिका, सिंजा गाउँपालिका, कनकासुन्दरी गाउँपालिका र पातारासी गाउँपालिका साक्षर घोषणा गरिएको हो। त्यस्तै सोमबार तातोपानी गाउँपालिका घोषणासँगै जुम्लाका ६ वटा पालिका घोषणा भएका हुन् । गाउँपालिकाले आयोजना गरेको कार्यक्रममा सुर्खेत जुम्ला उच्च अदालत इजलास जुम्लाका मुख्य न्यायाधिश गोकर्ण डाँगीले गाउँपालिका साक्षरता घोषणा गरे।

गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंको अध्यक्षतामा सञ्चालित कार्यक्रममा मुख्य न्यायाधिस डाँगी, न्यायाधिश कैलास गुरुङ, प्रमुख जिल्ला अधिकारी रामबहादुर शाही, शिक्षा विकास तथा समन्वय इकाई प्रमुख रमेश मल्लसहित शिक्षा क्षेत्रका अगुवा, शिक्षक विद्यार्थी, सञ्चारकर्मीसहित सरोकारवाला निकायको सहभागितामा कार्यक्रम सम्पन्न भएको छ।

त्यस्तै गाउँपालिकाले गरेको सर्भे तथा विभिन्न सूचकका आधारमा ९५.७७ प्रतिशत मानिसहरु साक्षर भएका छन्। साक्षरता घोषणामा प्रमुख प्रशासकीय अधिकृत तिर्थ कठायतले प्रस्तुत गरेको प्रतिवेदनमा १५ देखी ६० वर्ष उमेरका सबै पालिकावासीलाई साक्षरताको अवसर प्रदान गरी साक्षरता घोषणा गरिएको हो। उनका अनुसार सबै वडामा गणक पठाइ तथ्यांक संकलन गरिएको थियो ।

त्यस्तै तातोपानी गाउँपालिकामा ९७.७७ प्रतिशतसहित कनकासुन्दरी गाउँपालिकामा ९७ प्रतिशत, हिमा गाउँपालिकामा ९६ प्रतिशत, सिंजामा



९६.५ प्रतिशत, चन्दननाथ नगरपालिकाका ९८.९१ प्रतिशत र पातारासीमा ९५.२४ प्रतिशत नागरिक साक्षरसहित पालिका घोषणा गरिएका छन् ।

त्यस्तै जिल्लाको कनकासुन्दरी गाउँपालिका र चन्दननाथ नगरपालिकालाई कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले साक्षर नगर घोषणा गरेका छन्। त्यस्तै पातारासी गाउँपालिका कर्णाली प्रदेशसभा सदस्य देवेन्द्रबहादुर शाहीले साक्षर पालिका घोषणा गरेका थिए । हिमा गाउँपालिकालाई कर्णाली प्रदेशका जलस्रोत तथा उर्जा विकासमन्त्री बिजया बुढा र सिंजा गाउँपालिकालाई अध्यक्ष पूर्णप्रसाद धितालले साक्षर घोषणा गरेका थिए । साक्षर घोषणमा तोकिएका १२ सूचकहरूमध्ये ५० प्रतिशत सूचक पूरा भए साक्षर गाउँपालिका घोषणा गर्न मिल्ने प्रावधान अनुसार धमाधम स्थानीय तह साक्षर घोषणा भइरहेका छन् ।

कनकासुन्दरी गाउँपालिका शिक्षा शाखा प्रमुख जीवन रोकायाले कुल १३ हजार ६ सय २५ जनसंख्या रहेको गाउँपालिकामा ९७ प्रतिशत नागरिक साक्षर रहेको जानकारी दिए ।

त्यस्तै पातारासी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख अविराज उपाध्यायले १५ देखि ६० वर्षसम्मका १० हजार ४२ जनसंख्यामध्ये ९५.२४ प्रतिशत नागरिक साक्षर भएको जानकारी दिए ।

त्यस्तै चन्दनाथ नगरपालिका शिक्षा शाखा प्रमुख खडानन्द चौलागाईले कुल २१ हजार ३६ जनसंख्या रहेको नगरपालिकामा ९८ प्रतिशत नागरिक साक्षर रहेको बताए। उनका अनुसार गत साउन महिनामा १५ देखि ६० वर्षमुनिको जनसंख्यालाई सर्वेक्षण गर्दा सामान्य लेखपढ गर्न नजान्ने ३ सय ८० जनामात्रै भेटिएका थिए। उनीहरूलाई साक्षर बनाएसँगै नगरपालिका साक्षर घोषणायोग्य मानिएको हो ।

जुम्लाको सिंजा गाउँपालिकाले कुल जनसंख्याको ९६ प्रतिशत नागरिक साक्षर भइसकेको देखाएको छ । शिक्षा शाखा प्रमुख शंकर धितालले जनगणना अनुसार साक्षरता दर ६८ प्रतिशत भएपनि वडागत रूपमा संकलन गरिएको तथ्यांकले साक्षर गाउँपालिका घोषणायोग्य देखिएपछि गाउँपालिका नै साक्षर घोषणा गर्न सम्भव भएको बताए ।

सिंजामा हस्ताक्षर गर्न सक्ने, सामान्य लेखपढ गर्न सक्ने, मोबाइल तथा क्यालकुलेटर चलाउन सक्ने, आफ्ना भावना व्यक्त गर्न सक्ने जस्ता सूचकहरू पूरा भएपछि पालिका साक्षर घोषणा गरिएको अध्यक्ष पूर्णप्रसाद धितालले बताए ।

जिल्लाको हिमा गाउँपालिको कुल जनसंख्या १२ हजार ८ सय ४ रहेकोमा १२ हजार २ सय २५ जना साक्षर छन हिमाका १ देखि ७ वडासम्म ९५.७२ प्रतिशत जनसंख्या साक्षर रहेको र मात्र ४.२८ प्रतिशत निरक्षर छन्। गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर शाहीका अनुसार शिक्षक, सामाजिक परिचालक र कर्मचारीहरू साक्षर नागरिकको तथ्यांक संकलनका लागि गाउँबस्तीमै पुगेका थिए।

तिला र गुठिचौर बाँकी जिल्लाका ६ गाउँपालिका साक्षर घोषणा भएपछि तिला र गुठिचौर गाउँपालिका साक्षर घोषणाका लागि तयार गरिरहेका छन् । गुठिचौर गाउँपालिका अध्यक्ष दानबहादुर बुढाले साक्षरपालिका घोषणका लागि प्रथामिकता दिइरहेको बताए । तिला गाउँपालिका अध्यक्ष मोतिलाल रोकाया अनुसार तिला गाउँपालिका पनि साक्षर घोषणा गाउँपालिकाका लागि तयारी भइरहेको जानकारी दिए । जिल्लाको तिला र गुठिचौर घोषणापछि जिल्ला घोषणाका लागि तयारी गरिने जिल्ला समन्वय समितिका समन्वय प्रमुख गौरीनन्द आचार्यले बताए ।

# विद्यालयलाई विज्ञान प्रयोगशाला सामग्री हस्तान्तरण

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १४ असोज



बर्दियाको गेरुवा गाउँपालिका र ठाकुरबाबा नगरपालिकाका दुई विद्यालयलाई विज्ञान प्रयोगशाला सामग्री हस्तान्तरण गरिएको छ । गेरुवा गाउँपालिका वडा नं. ५ को पशुपति माध्यमिक विद्यालय पशुपतिनगर र ठाकुरबाबा नगरपालिका वडा नं. ६ मा रहेको जनज्योति माध्यमिक विद्यालय बकुवालाई विज्ञान प्रयोगशाला सामग्री हस्तान्तरण गरिएको हो ।

पालिकाहरुसँगको समन्वयमा प्लान इन्टरनेशनल नेपाल तथा राधाकृष्ण थारू जनसेवा केन्द्र बर्दियाद्वारा सञ्चालित सशक्त बालिका परियोजनाअन्तर्गत दुई वटा विद्यालयमा गरेर १२ लाख ४९ हजार ९ सय ६६ रुपैयाँ बराबरको प्रयोगशाला सामग्री हस्तान्तरण गरिएको परियोजनाका संयोजक मनोज पौडेलले बताए। उनले प्रयोगशाला सामग्रीले विज्ञानको विषयमा प्रयोगात्मकरुपमा विद्यार्थीलाई अब्बल बनाउने अपेक्षासमेत परियोजनाले गरेको बताए ।

प्रयोगशाला सामग्री जनप्रतिनिधि तथा प्रतिनिधिहरूको उपस्थितिमा राधाकृष्ण थारू जनसेवा केन्द्रकी कार्यसमिति सदस्य संगीता थापा र परियोजना संयोजक मनोज पौडेलले विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एवम् सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरूलाई संयुक्तरूपमा हस्तान्तरण गरेका हुन् ।

सामग्री हस्तान्तरण गर्दै राधाकृष्ण थारू जनसेवा केन्द्रका सदस्य संगीता थापाले विद्यालयलाई सामग्री सहयोग गर्न पाउँदा आफू हर्षित भएको उल्लेख गर्दै हस्तान्तरण गरिएको प्रयोगशाला सामग्रीले विद्यार्थीहरूको सिकाइ उपलब्धि बढ्ने र प्रयोगात्मक रुपमा विद्यार्थीहरूलाई अब्बल बनाउन सहयोग पुऱ्याउने बताइन्। विद्यार्थीहरूलाई सैद्धान्तिक मात्र नभइ प्रयोगशालामा प्रयोगात्मक क्रियाकलापका लागी सामग्रीको आवश्यकता पर्ने भएकोले नेतृत्वकारी भूमिका खेलेकोमा राधाकृष्ण थारू जनसेवा केन्द्र, प्लान इन्टरनेशनल नेपाल र पालिकालाई धन्यवाद दिँदै सामग्रीको उचित प्रयोग गरिने पशुपति माध्यमिक विद्यालय पशुपतिनगरका प्रधानाध्यापक ज्ञानेन्द्र चौधरीले बताए । बर्दियाको बारबर्दिया नगरपालिका, ठाकुरबाबा नगरपालिका, गेरुवा गाँउपालिका र राजापुर नगरपालिकामा २०२३ जुलाईदेखि सञ्चालनमा रहेको सशक्त बालिका परियोजना जुन २०२५ सम्म सञ्चालनमा रहनेछ ।

# भिजन एण्ड भ्यालु ओभरसिजद्वारा रक्तदान कार्यक्रम आयोजना, ४३ जनाले गरे रक्तदान




**काठमाडौं/मस–** पछिल्लो समय राजधानीका अस्पतालहरुमा रगतको चर्को अभाव देखिँदै आएको छ। बिरामीलाई आवश्यक पर्ने रगत खोज्न बिरामीका आफन्तहरुमा विभिन्न रक्तसञ्चार केन्द्र र स्वास्थ्य केन्द्रहरुमा दौडधुप गरिरहेका भेटिन्छन् । रगतको यो अभावलाई कम गर्न रोजगार क्षेत्रको अग्रणी संस्था भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि.को आयोजनामा सोमबार रक्तदान कार्यक्रम सम्पन्न भएको छ । अविरल वर्षासँगै आएको बाढी, पहिरो र डुबानका कारण घाइतेहरुको उपचारको लागि राजधानीका अस्पतालहरुमा रगतको अभाव देखिएकाले त्यसलाई परिपूर्ति गर्न नेपाल रेडक्रस सोसाइटीको संयोजनमा काठमाडौंको बसुन्धारास्थित धापासी मार्गमा रहेको प्रा.लि.को कार्यालय परिसरमा रक्तदान कार्यक्रम सम्पन्न भएको हो ।

भिजन एण्ड भ्यालुका सञ्चालक पदम पौडेलले काठमाडौं उपत्यकालगायत देशभर आएको अविरल वर्षा र बाढीपछिका सडक दुर्घटना र अन्य दुर्घटनाका बिरामीलाई सहयोग पुऱ्याउने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरिएको जानकारी दिए । उनले संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत रक्तदान कार्यक्रम आयोजना गरिएको बताए। उक्त प्रा.लि.को आयोजनामा केही वर्षयता रक्तदान कार्यक्रमलाई निरन्तरता दिँदै आएको पनि सञ्चालक पौडेलले जानकारी दिए। उनले आगामी दिनमा पनि यसलाई निरन्तरता दिने प्रतिबद्धता जनाए ।

यस्तै नेपाल वैदेशिक रोजगार व्यवासायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले भिजन एण्ड भ्यालुले गरेको रक्तदान कार्यक्रमबाट अन्य संस्थाहरुले पनि सिक्नुपर्ने बताए। प्राकृतिक विपत्तिको समयमा रक्तनदान नै नगरे पनि पीडितलाई राहत र सरकारलाई सहयोग हुनेगरी अरु व्यवासायीहरुलाई आफ्नो सामाजिक उत्तरदायित्व पूरा गर्नेगरी कार्यक्रम गर्न आग्रह गरे ।

बिहान ९ बजेदेखि दिउँसो १ बजेसम्म चलेको कार्यक्रममा करिब ४३ जनाले रक्तदान गरेको सञ्चालक पौडेलले जानकारी दिए । रक्तदाताहरुलाई प्रमाणपत्र पनि वितरण गरिएको थियो ।

# बालविवाह न्यूनीकरण गर्न बालबालिकालाई तालिम

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १४ असोज

बालअधिकार, बालसंरक्षण र बालविवाह न्यूनीकरण सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक सहयोगमा हुम्ला जिल्लामा व्याप्त रुपमा रहेको बालविवाह न्यूनीकरण गर्न, बालअधिकारको सुनिश्चित गर्न र बालबालिकाहरुमाथि हुने विभिन्न सम्भावित जोखिमहरुबाट सचेत गराउन बाल क्लबका सदस्यहरुमार्फत विद्यालयका अन्य बालबालिकालाई एक दिने अभिमुखीकरण कार्यक्रम गरिएको



गुड नेवर्स इन्टरनेशनल नेपाल हुम्लाका प्रमुख नारायण प्रसाद चौधरीले जानकारी दिए ।

उक्त कार्यक्रममा बालबालिकालाई बालअधिकार, बालसंरक्षण र बालविवाहबाट हुने नकरात्मक असरहरु र बालविवाह न्यूनीकरणका उपायहरु जस्ता विषयबस्तु समेटिएर अन्तरक्रिया तथा छलफल गरिएको थियो। संस्थाको कार्यक्षेत्र खार्पुनाथ गाउँपालिकाका पाँचवटा माध्यमिक विद्यालय जस्तै मान्धारा माध्यमिक विद्यालय, मालिका माध्यमिक विद्यालय, सिता माध्यमिक विद्यालय, हुम्ला माध्यमिक विद्यालय र शंकर माध्यमिक विद्यालयका करिब २ सय ५० जना बालबालिकाहरु कार्यक्रममा सहभागी भएका थिए। कार्यक्रममा बालबालिकाहरु सचेत भएमा बाल विवाह न्यूनीकरण गर्न सहज हुने बताइएको थियो ।

उक्त कार्यक्रम पश्चात सहभागिहरुले आफुपनि बाल विवाह नगर्ने र बाल विवाह न्यूनीकरणमा आफुहरुले उल्लेख्य भूमिका खेल्ने प्रतिबद्धता जनाएको गुड नेवर्स इन्टरनेशनल नेपाल हुम्लाका बाल संरक्षण तथा बाल प्रायोजन सेवा सहायक निर्मला बोहराले बताइन् । कार्यक्रममा प्राविधिक सहयोग किर्डाक नेपाल हुम्लाले गरेको थियो ।

# सडक पूर्वाधार कार्यालय प्यूठानका ९२ योजना सम्पन्न

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १४ असोज

सडक पूर्वाधार विकास कार्यालय प्यूठानले गत आर्थिक वर्ष अर्घाखाँचीमा ९.७५ किलोमिटर सडक कालोपत्रे सम्पन्न गरेको छ ।

जिल्लामा आर्थिक वर्ष २०८०/८१ मा सडक पूर्वाधार कार्यालयले आफू मातहतका विभिन्न सडक योजना अन्तर्गत ९.७५ किलोमिटर सडक कालोपत्र गरिएको पूर्वाधार विकास कार्यालय प्यूठानका निमित्त कार्यालय प्रमुख इन्जिनियर चन्द्र बहादुर शाहले बताए ।

सडक पूर्वाधार कार्यालय प्यूठानले गत आर्थिक वर्ष मा ९.४० किलोमिटर ग्राभेल सम्पन्न गरी ४५० मिटर ढलान सडक, ८.६१ किलोमिटर नाली निर्माण, ४ वटा कल्भर्ट कजवे निर्माणसँगै ३ वटा मोटरवेल पुल र ट्रस पुल १ तथा प्यूठान जिल्लामा सडक पूर्वाधार विकास कार्यालयले जिल्लाभर १८.२४ किलोमिटर नयाँ ट्र्याक निर्माण, २५ किमि विस्तार चौडा गर्ने काम सम्पन्न गरेको निमित्त कार्यालय प्रमुख शाहले मध्यान्हलाई जानकारी दिए । सडक पूर्वाधार विकास कार्यालयको मातहतमा पर्ने प्रमुख सडकहरुमध्ये बाग्दुला दम्ती बहाने खवाङ स्याउलीवाङ नौवहीनी पर्यटन सडक (बहाने स्याउलीवाङ खण्ड) प्यूठानको निर्माण कार्य समपुरक योजनामार्फत ठेक्का सम्झौता भइ आव २०८०/०८१ मा शुरु भइ २०८३ वैशाखमा सम्पन्न गर्ने गरी शुरु भएको छ ।

प्रदेश गौरवको आयोजना अन्तर्गत रामपुर कपुरकोट सडक जीवराज




आश्रित कृष्ण सेन इच्छुक सडक मार्ग दाखाक्वाडी बर्जिबाङ भिंग्री सडकको ५ किमी कालोपत्रेको बहुवर्षीय ठेक्काको काम सम्पन्न भएको छ। बाँकी खण्डमध्ये करिब १.५ किमी ग्राभेलसहित स्तरोन्नति कार्यको ठेक्काको काम भइरहेको कार्यालय प्रमुख शाहले जानकारी दिए ।

त्यस्तै बाग्दुला दम्ती सडक स्तरोन्नति कार्यको काम निर्माणाधीन रहेको तर घ.२० किमी खण्डमा निर्माण व्यवसायीको ढिलाइको कारण कामको गति अलि सुस्त रहेको र निजलाई यथाशिघ्र निर्माण कार्य अघि बढाउन ताकेता गरिएको शाहले बताए ।

शाहका अनुसार नौबहिनी गापा पहुँचमार्ग बाग्दुला बाहाने सडकको काम निकै रुग्ण रहेको तथा सो योजनाको निर्माण व्यवसायीलाई काम अघि बढाउन ताकेता गरिएको छ ।

भिंग्री स्वर्गद्वारी सडकको रुमाले र घडेरीमा पहिरो नियन्त्रण गरी सडकलाई स्तरोन्नतिको कार्य सम्पन्न गरिएको र सोही खण्डमा ट्राफिक सेफ्टीको काम पनि गरिएको शाहाले दाबी गरे ।

ऐरावती गापा पहुँच मार्ग (चेरनेटा पुरनठाँटी जोगिटारी सडक) को काम भइरहेको छ भने कुमालटार मर्काबाङ मुर्कुट्टी सडक ४ किमी ग्राभेल स्तरोन्नती सम्पन्न गरिएको कार्यालय प्रमुख शाहले बताए।

चेरनेटा चिना जाबुने सडकको काम अगाडि बढी रहेको छ। जिल्लाका विभिन्न ठाउँहरुमा मोटरेबल पुल निर्माण भएसँगै स्थानीयहरु आफुलाई आवत-जावतमा गर्न सहजता भएको भन्दै निकै हर्षित बनेका छन् । पूर्वाधार विकास कार्यालय प्यूठानले विभिन्न ठाउँहरुमा पुल निर्माण गरेको हो ।

निर्माणका कामहरु सुस्तगतिमा हुने गरेको भन्ने गुनासो रहने गरेका वहुवर्षीय सडकहरुको काम विभिन्न ठाउँका योजनाहरु अहिले शुरु भएका छन् भने केही अधुरा योजनाहरुको काम पनि शुरु हुनुलाई सकारात्मक विषय भएको प्यूठानका राजनीतिक दलका नेताहरु बताउँछन् । झिमरुक गाउँपालिकाका उपाध्यक्ष प्रमोद पोखेल भन्छन्, 'कतिपय योजना समयमा नसकिँदा समस्या हुने गरेको छ, तर गरे असम्भव हुँदोरहेछ भन्ने सकारात्मक उदाहरण केही योजना देख्दा स्पष्ट भएको छ ।' कार्यालय प्रमुख शाहले सडकको वहुवर्षीय ठेक्का सम्झौता गर्ने तर काम नगर्ने लम्बाउने व्यवसायी कम्पनीलाई पनि काम गर्न अनुरोध गर्दै कार्यालयबाट सबै सहयोग गर्न तयार रहेको व्यहोराको पत्र पठाइ ताकेता गरिएको जानकारी दिए । कार्यालयले आर्थिक वर्ष २०८०/०८१ मा भौतिक प्रगति ७० प्रतिशत र वित्तीय प्रगति ५८ प्रतिशत भएको छ भने जिल्लाभरका ९६ वटा योजनामध्ये ८० वटा योजना सम्पन्न भएका छन्। १२ वटा निर्माणाधीन अवस्थामा रहेका र ४ वटा योजना विविध कारणले कार्यान्वयन हुन नसकेको कार्यालयले जनाएको छ ।

सडक कार्यलयको पुँजीगत बजेट ६३ करोड ३८ लाख रहेको थियो भने खर्च ३६ करोड पाँच लाख ८२ हजार खर्च भएको लेखा अधिकृत सुनिल नेपालीले बताए ।

अविरल वर्षाका कारण अवरुद्ध बनेका प्यूठानबाट अन्य जिल्ला जोड्ने तथा ग्रामीण सडकहरुको काम द्रुत गतिमा अगाडि बढेकोले तीन दिनभित्र सबै सडकहरु सुचारू हुने छन् ।

# सर्लाहीमा बागमती नदीको तटबन्ध भत्कियो

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १४ असोज




बागमती नदीको पानीले सर्लाहीको बलरा नगरपालिका डुबानमा परेको छ । गत बिहीबारदेखि शनिबारसम्म परेको पानीले बागमती नदीमा बनाइएको तटबन्ध विभिन्न ठाउँमा भत्किन गइ बलरा डुबानमा परेको हो । बलराको दक्षिणी सीमाना दशगजा लगत्तै भारतले बनाएको सैनिक सडकका कारण बलरामा पानी थुनिएको छ ।

भारतीय पक्षले सैनिक सडक निर्माण गर्दा पानीको प्राकृतिक निकासनै बन्द हुँदा बलरा डुवानमा परेको हो। बलरा-४ स्थित ईलाका प्रहरी कार्यालय बलरा र बलरा -९ स्थित सशस्त्र प्रहरीको बेस क्याम्प अचलगढ छतौना पनि डुबानमा परेका छन् ।

बलराका अधिकांश भाग डुबानमा परेको हो । शनिबार साँझदेखि बलरामा प्रवेश गरेको बाढीको पानीले बलरामा अधिकांश घरको भुँइतल्लामा पानी प्रवेश गरेको छ। बलरामा सर्वसाधारणको सम्पूर्ण आवागमन ठप्प रहेको छ । सडक र गल्लीमा कम्तीमा दुई फिटसम्म पानी जमेको छ । सोमबार साझसम्म पनि पानी कम हुन सकेको छैन ।

बलरा नगरपालिकाका नगर प्रमुख रामाशंकर कुशवाहाले यस बर्ष मात्र भारतीय पक्षले दसगज्जा नजिकै पानीको निकाश नदिइ सैनिक सडक निर्माण गर्दा नगरपालिका भरी पानी जमेको बताए । उनले बागमती नदीमा पानीको सतह घटेपछि मात्र नगरपालिकामा जमेको पनि पुनः बागमती नदीमा फिर्ता जाने बताए ।

उनका अनुसार बाढीले नगरपालिकाको वडा नं.१,२ र ३ लाई बढी प्रभावित गरेको छ भने वडा नं.४,५,१० र ११ लाई आंशिक रुपमा प्रभावित गरेको छ । त्यस्तै, नगरपालिकाभित्र बाढीले अहिलेसम्म १ जनाको मृत्यु भएको छ भने अन्य १ जना बेपत्ता रहेका छन् ।

जिल्लाका सबै साना र ठूला नदीमा पानीको बहाव अत्यन्त धेरै भएकोले जिल्लाको लाखौं बिगहा उखु, धान, हल्दी र विभिन्न तरकारी खेति डुबानमा परेको किसानहरुले बताएका छन् ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार बाढीले हालसम्म जिल्लामा पुर्णरुपमा क्षति भएको घर संख्या २ सय ९० रहेको छ भने बाढीले ५ सय ७४ घरमा आंशिक रुपमा क्षति पुऱ्याएको छ। त्यस्तै,१६ सय ३९ घरमा बाढी प्रवेश गरेको छ ।

सुरक्षाकर्मीलाई उद्धारका सबै उपाय अपनाउनका लागि निर्देशन दिइएको र अहोरात्र खटेर सुरक्षाकर्मीले सर्वसाधारणको बाढी र पानीजन्य समस्यामा साथ दिइरहेको सर्लाहीका प्रमुख जिल्ला अधिकारी गोपाल कुमार अधिकारीले जानकारी गराएका छन् ।

मध्यान्ह
www.madhyanhadaily.com
१५ असोज २०८१, मंगलबार
1 October 2024, Tuesday

## सम्पादकीय

### मन बिझाउने बोली

प्रधानमन्त्री केपी शर्मा ओली स्वदेश फर्किए लगत्तै बाढी पहिरो पीडितहरूबारे धमाधम निर्णय भएको छ। संयुक्त राष्ट्रसंघको महासभालाई सम्बोधन गर्न गत ४ असोजमा प्रधानमन्त्री ओली अमेरिका गएका थिए । उनी अमेरिका रहेका बेला गत शुक्रबार निवासकारी बाढी, पहिरो र डुबान भयो । ५४ वर्ष यताकै उच्च वर्षा हुँदा झण्डै दुई सय हाराहारी नागरिकको मृत्यु भयो भने ४२ जना बेपत्ता छन् । घाइतेहरूको संख्या एकिन छैन । उद्धार गरिएकाहरूको संख्या ठूलो छ । यद्यपि उद्धार कार्य पूरा हुन सकेको छैन । राजधानी उपत्यका एकप्रकारले नाकाबन्दीकै अवस्थामा छ । राजधानी जोड्ने सबै सडकखण्ड क्षतिग्रस्त बनेकाले आयात रोकिएकाले महँगी बढेको छ । रोशी खोलाको बाढीले बीपी राजमार्ग क्षतिग्रस्त बनाउँदा तीन हजार बढी यात्रु अलपत्र छन् ।

मुलुक यति ठूलो संकटमा पर्दा समेत प्रधानमन्त्री ओलीले आफ्नो भ्रमण छोट्याएका थिएनन् । देशमा आकस्मिक संकट पर्दा प्रधानमन्त्री ओली अमेरिकास्थित विश्वविद्यालयहरूमा प्रश्नोत्तर गरिरहेका थिए। कार्यबाहक प्रधानमन्त्री प्रकाशमान सिंहले सरकारले तत्काल गर्नुपर्ने कुनैपनि निर्णय गराउन सकेका थिएनन्। उद्धार कार्यमै सरकार अल्मलिएको थियो । तर भ्रमण पुरा गरेर प्रधानमन्त्री सोमबार (१४ असोजमा) स्वदेश फर्किए लगत्तै बाढी पहिरोको संकट समाधानबारे निर्णय लिएका छन्। मन्त्रिपरिषद् बैठक राखेर तीन दिन शोक मनाउने, एक अर्व रूपैयाँ राहत कोषमा राख्ने, मन्त्रीहरूले एक महिनाको तलब दिने लगायत निर्णय गरिएको छ। अर्थात् तत्काल गरिनुपर्ने काम चार दिनपछि भएको छ ।

उल्टै प्रधानमन्त्री ओलीले आफ्नो आलोचना गर्नेहरूप्रति चर्को टिप्पणी गरेका छन् । संकटका बेला विरोधका लागि बिरोध मात्र गरिएको उनको भनाइ थियो । जबकी प्रधानमन्त्री ओलीले राष्ट्रिय एकताको आह्वान गर्नुपर्ने हो। संकटको समाधानमा सरकारलाई सहयोग गर्न अपिल गरिनुपर्ने हो। राजनीतिक दलहरू, सामाजिक संस्थाहरू, नागरिक समाजहरू, प्रदेश र स्थानीय सरकारहरूसँग आवश्यक सहयोगको हात अगाडि बढाउनुपर्ने हो । तर देश संकटमा हुँदा समेत अमेरिकाका विश्वविद्यालयहरूमा अन्तरक्रिया गरेर बस्ने प्रधानमन्त्रीले विमानस्थलबाटै चेतावनीको भाषा बोल्नु राम्रो होइन। प्रधानमन्त्रीको चेतावनीले वर्तमान सरकार जनताप्रति उत्तरदायी नरहेको सन्देश जान्छ। संकटमा प्रधानमन्त्री गम्भीर नरहेर राजनीतिक अभिव्यक्ति दिइरहेको अर्थ लाग्छ । त्यसैले प्रधानमन्त्रीले आफ्नो अभिव्यक्ति सच्याएर सहकार्यको हात अगाडि बढाउन जरूरी छ । बीपी राजमार्गमा अलपत्र परेकाहरूको तत्काल उद्धार गरेर राहत र पुनर्स्थापनामा जुट्न आवश्यक छ ।

# प्राकृतिक विपद् र सडक दुर्घटना

*हरेक सडक बनाउँदा भौगर्भिक अध्ययन गर्नुपर्दछ । हाम्रो जस्तो हिमालय क्षेत्रको भूगर्भ अन्य देशसँग मेल खाँदैन । हाम्रोजस्तो पहाडी मुलुकमा सडक निर्माण गर्दा सुरुङलाई नै प्राथमिकता दिनुपर्छ ।*

अग्रलेख



● प्रा. विशालनाथ उप्रेती

नेपालमा सवारीसाधनको संख्या साढे चार लाखभन्दा बढी पुगिसकेको छ। त्यसैगरी सवारीसाधनको भित्रिने क्रम प्रत्येक वर्ष १० देखि १७ प्रतिशतका दरले वृद्धि भइरहेको छ। यस्तो अवस्थामा सवारीसाधन बढ्दै जाने तर, सडकको अवस्था दयनीय रहँदा सवारी दुर्घटनामा बढोत्तरी हुने गर्दछ। नेपालमा सडक विस्तारको क्रम तीव्र छ। हाल देशको कूल सडक सञ्जाल करिब ६४ हजार ५०० किमी रहेको छ। त्यसमा १३ हजार ५०० किमी राजमार्गमा पर्दछ। अन्य देशको तुलनामा सडकको घनत्व पनि निकै कम छ। यहाँ १४ किमी प्रतिसय वर्ग किमी (०.९ किमी) रहेको छ।

नेपालको सडक विपद्को दृष्टिले निकै उच्च जोखिममा रहेको छ। सडकको दुरावस्थाले प्रकोपले भन्दा बढी मानिस मरिरहेका छन्। विश्व स्वास्थ्य संगठनको सन् २०१८ को तथ्यांकअनुसार यहाँ वर्षमा एक लाख मानिसमा १६ जनाको सडक दुर्घटनामा मृत्यु हुने गरेको छ। यहाँ दर्ता भएका एक लाख सवारीसाधनमध्ये वर्षेनि ४५० वटा दुर्घटनामा पर्दछन्। नेपाल प्रहरीको २०१९ को तथ्यांकअनुसार सन् २०१६ मा १६ हजार वटा सडक दुर्घटना हुँदा दुई हजार ३८४ जनाको मृत्यु हुने गर्दछ भने चार हजार २५० जना शक्त घाइते र आठ हजार २९० जना सामान्य घाइते भएका थिए। सन् २०१९ मा १३ हजार वटा सडक दुर्घटना भएकामा दुई हजार ७३६ जनाको ज्यान गएको थियो भने १० हजार ७३१ जना सख्त घाइते भएका थिए। सन् २०२० मा सडक दुर्घटनाबाट चार हजार ६६५ जनाको मृत्यु भएको थियो।

विश्व स्वास्थ्य संगठनको अनुसार जापानको तुलनामा नेपालमा बस, कार, ट्रकको दुर्घटना हुँदा यात्रुको मृत्यु हुने सम्भावना सय गुणाभन्दा बढी रहन्छ। यो संख्या छिमेकी मुलुक भारतको तुलनामा १० गुणा बढी हो। अन्य देशको तुलनामा दुर्घटनापछि बाँच्ने सम्भावना नेपालमा निकै कम रहेको छ। नेपालमा एक लाख सवारीमा एक हजार ६७७ वटा दुर्घटना हुने गर्दछ भने भूटानमा ३०६, भारतमा १००, चीनमा ३६ र जापानमा सात वटा मात्र दुर्घटना हुने गर्छ। सन् २००७/८ अघिसम्म वर्षमा पाँच हजारभन्दा कमै सवारी दुर्घटना हुन्थ्यो भने २०१७/१८ मा आइपुग्दा यो संख्या दोब्बरले बढेको देखिन्छ। सन् २०२४ मा यो संख्या झनै बढी रहेको पाइन्छ। नेपालजस्तो सानो मुलुकमा सवारी दुर्घटनाकै कारण यति ठुलो संख्यामा मानिसको ज्यान गुमाउनु सामान्य विषय हुन सक्दैन। दुर्घटनामा निर्दोष नागरिकले अकालमा मृत्युवरण गर्नुपरेको, कति अपाङ्ग जीवन बाँच्न बाध्य छन्, धनजनको क्षति त्यत्तिकै छ।

नेपालमा मनसुनको बेला बाढी, पहिरोसँगै सवारी दुर्घटना पनि बढी हुने गरेको छ। मनसुनसँग विपद् प्रत्यक्ष जोडिएको छ। हाम्रो सडकको अवस्था राम्रो छैन। सडकको चौडाइ र निर्माण गर्दा मापदण्डअनुसार छैन। त्यस्तै धेरैजसो सडकको बनावट निर्माण गर्नुअघि भौगर्भिक अध्ययनअनुसार गरिएको छैन। भौगर्भिक अध्ययनका लागि लाग्ने खर्चलाई हिचकिचाउने गरिन्छ। केही वर्ष अघिसम्म सडक बनाउँदा जथाभाबी विस्फोट गरी बनाउने गर्दा त्यसले पछिसम्म पनि सडकको दायाँ-बायाँ पहिरो जाने गर्दछ। यसको उदाहरण नारायणगढ-मुग्लिङ सडकलाई हेर्न सकिन्छ। यहाँ जति नै खर्च गरेर मर्मत गरिए पनि दिगो रूपमा पहिरो रोकथाम हुन सक्दैन।

मानिस भौतिक सुविधामुखी भएकाले गर्दा जहाँ कुनै सडकको अपरिहार्यता छैन, त्यहाँ पनि सडक निर्माण गर्ने होड चलेको छ। अहिले स्थानीय तहले निर्माण गरेका ग्रामीण सडक पहिरोको उच्च जोखिममा रहेका छन्। यसो हुनुको मुख्य कारण भौगर्भिक इन्जिनियरिङ अध्ययन नगरी डोजरको ड्राइभरले जथाभाबी सडक खन्दा यो समस्या आएको हो। गाउँ गाउँमा सडक पुग्नु राम्रो हो तर, इन्जिनियरिङ तरिकाले नबनाई गाउँमाथि सडक खन्ने र तल बस्ती रहँदा पहिरो गई घरहरू पुर्ने गरेको छ।

नेपालको हिमाली क्षेत्र भौगर्भिक हिसाबले निकै कमजोर छ। लामो भिरालो पहाडको फेदमा सडक निर्माण गर्दा पहिरो आउने सम्भावना उच्च रहन्छ। वर्षा धेरै हुने देशहरूमध्ये नेपाल पनि पर्दछ। विगत ५०/६० वर्षको तथ्यांकलाई हेर्दा महाभारत श्रृंखलाको उत्तर र दक्षिणमा धेरै पानी परेको पाइन्छ। बङ्गालको खाडीबाट आउने मनसुन महाभारतको दक्षिणमा ठोकिन्छ र त्यहाँ धेरै पानी पर्छ। सन् १९९० मा ४५० मिलिमिटरभन्दा बढी पानी पर्दा यस क्षेत्रमा ठुलो बाढी पहिरो गई निकै नोक्सानी गरेको थियो। यसै वर्षको मनसुनमा चाँदनी दोधारा क्षेत्रमा झन्डै ६०० मिलिमिटर पानी परेको थियो भने अघिल्लो साता काठमाडौं उपत्यकामा २०० मिलिमिटरभन्दा बढी वर्षा हुँदा ठुलो जनधनको क्षति भएको थियो। मुग्लिङ-नारायणगढ, नागढुङ्गा-मुग्लिङ र त्यहाँबाट पोखरासम्म भएको भीषण वर्षाका कारण सवारी दुर्घटनाबाट धेरैको ज्यान गएको छ।



*नेपालमा मनसुनको बेला बाढी, पहिरोसँगै सवारी दुर्घटना पनि बढी हुने गरेको छ । मनसुनसँग विपद् प्रत्यक्ष जोडिएको छ । हाम्रो सडकको अवस्था राम्रो छैन । सडकको चौडाइ र निर्माण गर्दा मापदण्डअनुसार छैन । धेरैजसो सडकको बनावट निर्माण गर्नुअघि भौगर्भिक अध्ययनअनुसार गरिएको छैन ।*

मुग्लिङ-नारायणघाट सडकको झन्डै ३० किलोमिटर महाभारतमा पर्दछ। यो क्षेत्रमा बर्सेनि पहिरोको कारण धेरै सवारी दुर्घटनाहरू हुने गरेको छ। मर्मत सम्भारका लागि बर्सेनि अर्बौं रुपैयाँ खर्च हुँदा पनि पहिरो रोकथाम हुन सकेको छैन। यो समस्याको दिगो समाधानका लागि दुई-तीन किलोमिटरका दुई-तीन वटा सुरुङ निर्माण गर्नै पर्छ। जापान सरकारले बनाएको बनेपा-बर्दिवास सडक निकै महँगो सडक हो। यो सडक पनि पहिरोको उच्च जोखिममा रहेकाले ठाउँ-ठाउँमा सुरुङ बनाउनु आवश्यक छ। यस सडकमा कम्तीमा दुई वटा सुरुङ निर्माण गर्न सकिएमा पहिरोको जोखिमबाट बच्न सकिनाका साथै यात्राको समय पनि झन्डै आधा घट्छ। यात्राको समय घट्नु भनेको इन्धनको खपत पनि कम हुनु हो।

नेपालको तराईबाट पहाडी जिल्ला जोड्ने अधिकांश सडक चुरे र महाभारत श्रृंखला पार गरेर जाने हुँदा सामान्य वर्षामा पनि पहिरोको जोखिम रहने गरेको छ। ती सडकहरूमा सुरुङ निर्माण गर्न सकिएमा पहिरोको जोखिम कम हुनाका साथै तराई र मध्यपहाडी जिल्लाहरूबिचको दूरी निकै नै कम हुन जान्छ। २५-३० वर्ष अघिसम्म सुरुङ मार्ग बनाउने कुरा निकै कठिन र खर्चिलो मानिन्थ्यो। स्वयम् इन्जिनियरहरू पनि यसको पक्षमा थिएनन्। तर अहिले विश्वव्यापी रूपमै प्रविधिको विकाससँगै सुरुङ मार्गलाई निकै सुरक्षित र कम खर्चिलो मान्न थालिएको छ।

बुटवल-पाल्पा, धरान-धनकुटा सडकमा पनि सुरुङ निर्माण गर्नुपर्ने देखिन्छ। भीमदत्त राजमार्गको भासु पहाडमा पनि सुरुङ निर्माण गर्न सकिन्छ। तत्कालीन राजा महेन्द्रको पालामा निर्माण भएको ललितपुरको टीका भैरव-हेटौंडाको कान्ति राजपथ पहिरोको उच्च जोखिममा रहेको छ। महाभारत श्रृंखलामा रहेको यो सडक हरेक वर्ष बर्खा याममा पहिरोको जोखिम हुने गरेको छ। यस खण्डमा रहेका दुई वटा ठुला पहिराको जोखिमबाट बच्न एउटा ५०० मिटर र अर्को २०० मिटरको सुरुङ निर्माण गर्नुपर्ने देखिन्छ। ५०० मिटरसम्मको सुरुङ मार्गमा भेन्टिलेसन र बत्तीको आवश्यकता पनि पर्दैन। यस्ता सुरुङहरू दुई-तीन महिनामै तयार हुन सक्दछ।

हरेक सडक बनाउँदा भौगर्भिक अध्ययन गर्नुपर्दछ। हाम्रो जस्तो हिमालय क्षेत्रको भूगर्भ अन्य देशसँग मेल खाँदैन। हाम्रोजस्तो पहाडी मुलुकमा सडक निर्माण गर्दा सुरुङलाई नै प्राथमिकता दिनुपर्छ। नर्वे, जापान जस्ता देशहरूका अहिले कुल सडक ६० प्रतिशतभन्दा बढी सुरुङ, ३० प्रतिशत जति पुल र बाँकी खुला सतहमा रहेको छ। चीन, भारतलगायत देशहरूले पछिल्लो समय सुरुङ मार्गमा व्यापक जोड दिएका छन्।

सुरुङमा हुने खर्च भनेको एक पटक गरिने खर्च भएकाले दीर्घकालीन रूपमा त्यति महँगो हुँदैन। एउटा पहिरोको रोकथाम गर्न करोडौं रुपैयाँ खर्च गर्दा पनि दिगो रोकथाम हुन सक्दैन। यसले सडक सुरक्षा र दिगो सञ्चालन एवं जनधनको क्षति हुनबाट रोक्न सकिन्छ। सडक विस्तार गर्ने क्रममा जथाभाबी पहाड काट्नुभन्दा सुरुङ वा पुलहरूको निर्माणमा ध्यान दिनु बुद्धिमानी हुन्छ।

नेपाल पनि सुरुङ निर्माणको युगमा प्रवेश गरेको छ। जलविद्युत् आयोजनाहरूमा झन्डै २०० किलोमिटर सुरुङ निर्माण भइसकेको छ। नागढुङ्गा-सिस्ने सुरुङमार्गले नेपालको सडक यातायातमा नयाँ आयाम थपेको छ। तराई मधेस द्रुत मार्गमा निर्माण भएका सुरुङले काठमाडौं-तराईबिचको दूरी मात्र कम गरेको छैन, सडक सुरक्षामा पनि ध्यान दिएको छ। यद्यपि, यो क्षेत्र चुरे र महाभारत श्रृंखलामा पर्ने भएकाले कतिपय ठाउँमा पहिरोको जोखिम रहेको छ। त्यस्ता ठाउँहरूमा भेटिभर जस्ता वनस्पतिहरूको प्रयोग गरी बायोइन्जिनियरिङबाट पहिरो रोकथाम गर्न सकिन्छ। तर विडम्बना, मुख्य जिम्मेवारी रहेको सडक विभागमा एक जना पनि भू-गर्भविद् र भू-प्राविधिकको दरबन्दी छैन। परामर्शदातामार्फत सडक विभागले सेवा लिने गरे तापनि विज्ञ सेवा प्राप्त गर्न सकेको छैन।

*(विचार, वरिष्ठ भूगर्भविद् उप्रेतीसँग गरिएको कुराकानीमा आधारित छ ।)*

## सामाजिक सञ्जाल




**- मुमाराम खनाल**

मान्छेसँग अनुभव गर्नको लागि अथाह ठाउँ हुन्छ, सुन्नको लागि अत्यधिक समय हुन्छ र भन्नको लागि सीमित समय हुन्छ। तर, मान्छेसँग केही गर्नको लागि भने थोरै समय मात्र हुन्छ। हो, प्रम ओली भैंसी दुहुन अमेरिका गएको त होइन तर, भैंसी दुहे जति पनि मुलुकले उपलब्धि भने पाएन। गरेको भए पो पाउनु !



**- निर्मल प्रसाईं**

रात्रिमा बस सञ्चालन नगर्नु भन्ने सर्कुलर जारी हुँदाहुँदै झ्याप्ले खोलामा कसरी पुग्यो बसहरू, कसरी पुगे हायसहरू ? नियमन गर्ने प्रशासन संयन्त्र कहाँ थियो ? निरीक्षण गर्ने ट्राफिक जवान कहाँ थिए ? यहाँ भिजिबिलिटी कमी थियो कि भिजन कम थियो गृहमन्त्री ज्यू ? नैतिक जिम्मेवारी नलिने ?



**- उत्तमबाबु श्रेष्ठ**

बाढीको वितण्डाले देशमा १७० भन्दा बढीको मृत्यु, अरबौंको क्षति भएको प्रारम्भिक विवरण आएको छ। दसैंको बिचमा बिग्रिएका सडकले चाडबाड यात्रा पुरै अनिश्चित बनेको छ। तर, विदेशबाट फर्किएका प्रमको स्वागतको तामझाम सामान्य अवस्थामा जस्तै छ। हामी मस्तिष्क र मुटु नभएकै हौं त ?



**- मुकेश काफ्ले**

औसतमा २२० मि.मि वर्षाले काठमाडौं उपत्यकाको विपद् प्रतिरक्षा क्षमतालाई असफल प्रमाणित गरिदियो। केही समयअघि नेपालकै चाँदनी-दोधारा क्षेत्रमा परेको ६२४ मि.मि को आरी घोप्टे वर्षा (कुनै पनि समय हुनसक्छ)को सामना कसरी हुन्छ ? 'रात गई, बात गई'भन्दा पनि त्यसको पूर्व तयारीमा ध्यान दिऔं।

# देशभित्रको निराशा र युवा शक्ति

विचार



● मेघराज भट्टराई

*जबसम्म सचेत वर्ग राजनीतिलाई शुद्धीकरण गर्न लाग्दैन तबसम्म यो शुद्धिकृत हुँदैन । त्यसकारण आम युवाहरू मुलुक बर्बाद भयो, मुलुकमा समस्या छ भन्ने भाष्य बनाउनभन्दा मुलुकमा सम्भावना छ भन्ने कुरालाई अगाडि सार्नु अहिलेको आवश्यकता हो ।*

नेपाली युवालाई यो देशको माया छैन झैं देखिन्छ। युवाहरू देश छाड्न लामबद्ध छन्। आफ्नो देशमा स्वाभिमानपूर्वक होइन, अरूको देशमा गुलामी गर्न लालायित देखिन्छन्। युवाहरूमा यो देश बनाउन, संघर्ष गर्ने हिम्मत देखिँदैन। केवल नकारात्मक भाष्य फैलाइएको छ। नेपालमा केही हुँदैन भन्ने भाष्य खडा गरिएको छ।

देशभित्र राष्ट्र असफल बनाउन अनवरत लागेका पात्रहरूलाई हामीले भगवान बनाउन केही कसर छोडेनौ। जस्तो की पर्यटन विकासको नाममा खरबौं पैसा सकिएको छ। हाम्रा अग्ला पहाडका चुचुरामा टावर किन बनाइयो ? जब कि त्यहाँ पुग्ने सडक छैन। पानीजहाज कारखाना, रेल मन्त्रालय कसको स्वार्थको लागि बनाइयो ? कुनै आन्दोलनले माग नगरेको संघीय व्यवस्था किन र केको लागि ल्याइयो ? एमसीसी, नागरिकता विधेयक जस्ता राष्ट्रघाती सन्धि सम्झौताको आवश्यकता किन केको लागि ? योभन्दा प्रगतिशील उन्नत व्यवस्था तीर होइन, पछाडि फर्किने व्यवस्थाको लागि नारा लगाएका छन्। त्यो पनि आफ्नो व्यक्तिगत स्वार्थ पूर्तिको लागि मात्र केन्द्रित छ।

नयाँ भनाउँदाहरू पनि आफू चोखिन मोलतोल गरेका छन्। ठुला-ठुला भ्रष्टाचार गरेका छन्। त्यही पैसा चुनावमा खर्च गरेर चुनाव जितेर कथित ठुला पार्टी बनेका छन्। राष्ट्रको अस्मितामा खेलबाड गरिरहेका छन्। यो संघीय संरचनाको घाँडो आफ्ना नेताहरूको लागि पालैपालो व्यवस्थापन ठाउँ बनेको छ। संविधान निर्माणपछि यो नौ वर्षमा कति वटा मुख्यमन्त्री, मन्त्री, सांसद बने ? केन्द्रमै सरकार कति बन्यो ? ३५ वर्षमा ३४ वटा सरकार बनेका रेकर्ड सायद बिर्सिन मिल्दैन होला। यो बेथिति आखिर कहिलेसम्म हुने हो ?

यी मन्त्री अनि सांसद पाल्न नेपाली युवाले अरबको तातो घाम खाएका छन्। ज्यान गुमाएका छन्। अङ्गभङ्ग भएका छन्। यसको चिन्ता न राज्यलाई छ, न त यहाँका सत्ताधारी पार्टीहरूलाई नै। यिनै ठुला राजनीतिक पार्टीका पछि लागेका आम नेपालीले नेताले जे गरेपनि तिलक सम्झी लगाउने बानी परेपछि सर्वसाधारण नागरिक निराश भएका छन्। सरकारी कार्यालयमा राजनीतिक पार्टीका समर्थक कर्मचारी नियुक्त गर्ने र पहुँच नभएका नागरिकका आवाज नसुनिने अवस्थामा देश छोडेर भाग्न आतुर नेपाली युवाको दुर्दशा विदेशी भूमिमा दयनीय छ। यो सबै विकृतिको अन्त्य नै आजको आवश्यकता हो।

यसको लागि नेपाली नागरिक गलत नियत भएका नेता र पार्टीको पछि लाग्न छोड्नु पर्‍यो। एउटा कुरा के भुल्न भएन की "तपाइँले राजनीतिलाई छोडे पनि राजनीतिले तपाइँलाई छोड्दैन" किनकि राजनीति राज्यका प्रत्येक अङ्गसँग जोडिएर आएको हुन्छ। आफू लागेका राजनीतिक पार्टीका अगुवालाई प्रश्न गर्नु होस्, गलत चीजको विरोध गर्नु होस्।

जबसम्म सचेत वर्ग राजनीतिलाई शुद्धीकरण गर्न लाग्दैन, तबसम्म यो शुद्धिकृत हुँदैन। त्यसकारण आम युवाहरू मुलुक बर्बाद भो, मुलुकमा समस्या छ भन्ने भाष्य बनाउनभन्दा मुलुकमा सम्भावना छ भन्ने कुरालाई अगाडि सार्नु अहिलेको आवश्यकता हो। यो अभियानको नेतृत्व आम युवा वर्गबाटै लिनुपर्छ।

## तपाईंको राशिफल

मेष : सम्बन्धहरूमा सुधार हुनेछ। राजकीय कार्यमा वृद्धि हुनेछ।
वृष : अनावश्यक यात्रा गर्नु हुँदैन। अनावश्यक विवादको योग छ।
मिथुन : स्वास्थ्य कमजोर रहनेछ। पैतृक सम्पत्ति प्राप्तिको योग छ।
कर्कट : सम्पत्तिमा वृद्धि हुनेछ। खानपानमाथि सन्तुलन राख्नुपर्छ।
सिंह : सामान्य रोकावटले अशान्ति दिनेछ। जग्गासम्बन्धी कार्यमा वृद्धि हुनेछ।
कन्या : बाहिरी सहयोगमा कमी आउनेछ। विवाद हुने योग छ।
तुला : लेनदेनमा सावधानी राख्नुहोला। दैनिक कार्यमा प्रगति हुनेछ।
वृश्चिक : दिदी बहिनीहरूको सहयोग प्राप्त हुनेछ। व्यर्थको यात्रा र हैरानी हुनेछ।
धनु : शुभकार्यमा बढी खर्च हुने देखिन्छ। भौतिक साधन उपलब्ध भइरहनेछ।
मकर : व्यापारिक लाभ हुनेछ। धैर्यसित कार्य गर्नु राम्रो हुनेछ।
कुम्भ : नौलो कार्य प्रारम्भ हुनेछ। सबै कार्यमा शक्ति लगाउन आवश्यक छ।
मीन : शिक्षासम्बन्धी कार्यमा रोकावट आउनेछ। भूमि लाभ हुने योग छ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# ओमानविरुद्ध नेपालको जित

**काठमाडौं/मस–** क्यानडामा जारी त्रिकोणात्मक टी-२० सिरिज क्रिकेटअन्तर्गत आइतबार राति भएको खेलमा नेपालले ओमानलाई पराजित गरेको छ । क्यानडाको किङ सिटीमा भएको खेलमा नेपालले ओमानलाई ३७ रनले पराजित गरेको हो । जितका लागि एक सय ७७ रनको लक्ष्य पाएको ओमानले १९ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै एक सय ३९ रनमा समेटियो । ओमानका लागि सोएविब खानले सर्वाधिक ४५ रनको योगदान दिए । त्यसैगरी रफिउल्लाले ३३ रन बनाए भने फयाज बुट्टले १७ रन जोडे ।



ओमानलाई एक सय ३९ रनमा समेट्ने क्रममा नेपालका करण केसीले तीन विकेट लिए भने कुशल भुर्तेलले दुई विकेट झारे । रिजन ढकाल, दीपेन्द्र सिंह ऐरी र सन्दीप लामिछानेले समान एक-एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै एक सय ७६ रनको योगफल बनाएको थियो ।

नेपालका लागि गुल्शन झाले सर्वाधिक ४० रनको योगदान दिए । उनले १७ बलमा तीन चौका र तीन छक्काको मद्दतमा ४० रन बनाएका हुन् । त्यसैगरी कुशल मल्लले ३० रनको योगदान दिए । उनले २६ बलमा दुई चौका र दुई छक्काको मद्दतमा ३० रन बनाए । आसिफ शेख र अनिल शाहले समान २७/२७ रन बनाए । आशिफले २२ बलमा एक चौका र दुई छक्काको सहयोगमा २७ रन बनाए । अनिल साहले २१ बलमा तीन चौका र एक छक्काको मद्दतमा २७ रन जोडे ।

त्यस्तै कुशल भुर्तेलले २० रन बनाउँदा कप्तान रोहित पौडेल दुई रनमा आउट भए । बलिङतर्फ ओमानका अकिब इलियासले सर्वाधिक तीन विकेट लिए भने सकिल अहमेद, फैयाज बुट्ट र जिशान मक्सूदले समान एक-एक विकेट लिए ।

त्रिकोणात्मक टि ट्वान्टी सिरिजको पहिलो खेलमा नेपाल क्यानडासँग १४ रनले पराजित भएको थियो । सिरिजमा नेपालको यो दोस्रो र ओमानको पहिलो खेल थियो । नेपालले अब तेस्रो खेल मङ्गलबार क्यानडासँग खेल्नेछ ।

# दम्माम भेट्रान फुटबल क्लबको नयाँ कार्यसमिति चयन



**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरबिया, १४ असोज

साउदी अरबमा क्रियाशील नेपाली फुटबल क्लब दम्माम भेट्रान फुटबल क्लबले आफ्नो पहिलो अधिवेशन शुक्रबार होटेल पारागनमा सम्पन्न गरेको छ । कार्यक्रम क्लबका संरक्षक रोशन कुमार श्रेष्ठको सभापतित्वमा भएको थियो भने प्रमुख अतिथिका रूपमा साउदी अरबस्थित नेपाली दूतावास रियादका पूर्वी क्षेत्र जनसम्पर्क अधिकारी नारायण पासवान रहेका थिए ।

अधिवेशनमा सर्वसम्मतरूपमा नयाँ कार्यसमिति चयन गरिएको छ । नवनिर्वाचित कार्यसमितिको अध्यक्षमा पदम महत चयन भएका छन् । वरिष्ठ उपाध्यक्षमा अनमोल ठकुरी, उपाध्यक्षहरूमा सूर्य थापा, गोपाल बस्नेत, हरि छेत्री र दिपेन श्रेष्ठ रहेका छन् । महासचिवमा पासाङ शेर्पा, सचिवमा प्रेम भण्डारी, कोषाध्यक्षमा चित्र कुमार (सीके) राई र सह-कोषाध्यक्षमा जीवन गिरी चयन भएका छन् ।

सदस्यहरूमा मनोज दुरा, होम बहादुर थापा, ठाकुर शर्मा, राजेन्द्र श्रेष्ठ, मिलन पाटा मगर, कृष्ण लावाती, सहदेव सापकोटा, दिपेन लिम्बू, प्रकाश गुरुङ, प्रेम गुरुङ, राज लिम्बू, भरत डाँगी, राज गुरुङ, रोशन नेवार र राजु भुजेल रहेका छन् ।

समितिको संरक्षकका रूपमा राजु शैयद र राजेन्द्र (जोन्) अर्याल चयन भएका छन् भने सल्लाहकार मण्डलमा प्रमुख सल्लाहकार रोशन कुमार श्रेष्ठको नेतृत्वमा उमेश भट्टराई, ओम घले, कुबेर हुमागाई, रामचन्द्र पौडेल, तेज अधिकारी र सुक बहादुर गुरुङ चयन भएका छन् ।

कार्यक्रममा टिम व्यवस्थापकको जिम्मेवारी गोपाल बस्नेतलाई प्रदान गरिएको छ भने टिम प्रशिक्षकको भूमिकामा प्रेम गुरुङ चयन भएका छन् । अधिवेशनमा साउदी अरबमा सक्रिय विभिन्न संघ-संस्थाका प्रतिनिधि तथा सामाजिक व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमको अन्त्यमा नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै अधिवेशन सम्पन्न भएको थियो ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०८०/०६/२३ मा दर्ता भएको **हरि ओम टायर सेन्टर प्रा. लि. (प्रा.लि. नं. ३२१६११)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**UAE मा रोजगार** | कम्पनी : FOUR N PROPERTY LLC | शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/०८/०१ | चलानी नं.: ६०१९१४८२ | L.T. No.: 275864 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | All Rounders | 15 | 0 | सम्बन्धित कामका दक्ष | 900 | ३२,७४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Assistant Cooks | 20 | 0 | | 1000 | ३६,३८० | | | | | | | |
| 3. | Butchers | 10 | 0 | | 1300 | ४७,२९४ | | | | | | | |
| 4. | Cleaners | 16 | 0 | | 800 | २९,१०४ | | | | | | | |
| 5. | General Helpers | 24 | 0 | | 800 | २९,१०४ | | | | | | | |
| 6. | Watchmen | 10 | 0 | | 1800 | ६५,४८४ | | | | | | | |

प्रि अन्तर्वार्ता झापा अफिस, बिर्तामोडमा २०८१ असोज २० गते (6 October 2024) मा हुनेछ ।
प्रि अन्तर्वार्ता अक्टोपस ट्रेनिङ सेन्टर, दमकमा २०८१ असोज २० गते (6 October 2024) मा हुनेछ ।
प्रि अन्तर्वार्ता बाजेको सेकुवा, पोखरामा २०८१ असोज २० गते (6 October 2024) मा हुनेछ ।
प्रि अन्तर्वार्ता कुपण्डोल अफिस, ललितपुरमा २०८१ असोज २१ गते (7 October 2024) मा हुनेछ ।
फाइनल अन्तर्वार्ता कुपण्डोल अफिस, ललितपुरमा २०८१ असोज २२ गते (8 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AKP Gov. Lic. No. 712/064/065
AIR KINGS PLACEMENT PVT. LTD.
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

**साउदीमा रोजगार** | कम्पनी : EXPERTISE CONTRACTING CO | शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०८०/१२/०७ | चलानी नं.: ६०२१६८९१ | L.T. No.: 301992 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Heavy Equipment | 7 | 0 | सम्बन्धित कामका दक्ष | 2500 | ८९,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Truck Driver | 7 | 0 | | 1800 | ६४,१३४ | | | | | | | |
| 3. | Pickup Truck Driver | 4 | 0 | | 1800 | ६४,१३४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २२ गते (8 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gulf Sky — श्रम ईजाजत नं. ८९०/०६७/०६८
गल्फ स्काई ईन्टरनेशनल प्रा. लि.
बसुन्धारा-३, काठमाडौं, नेपाल, E-mail:gulfskyintl890@gmail.com
फ्याक्स : ५९०५०२७, फोन नं.: ५९०५०२६, ५९०५०२५, ९८४१३९७२७५, ९८४१७९२८८८, ९८५१०५६९२८

# आठराई त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**हाङपाङ, ताप्लेजुङ**
**कोशी प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोल्ने सूचना

**प्रकाशन मितिः २०८१/०६/१४**

यस कार्यालयबाट मिति २०८१/०४/०२ मा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका प्रकाशित ठेक्का नं. ATRM/NCB/RD/01/81/82 अनुसार दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको परीक्षण गर्दा तपसिल अनुसारका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका आधारमा सफल भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ङ (५) बमोजिम आर्थिक प्रस्ताव तपसिलको मिति र स्थानमा खोलिने भएको हुँदा सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Substantially Responsive Successful Bidders in Technical Bid Evaluation | Price Bid Opening Place, Date and Time |
|---|---|---|---|
| 1. | ATRM/NCB/RD/01/81/82 | 1. Ishan/Santi/CDS JV,<br>2. Anil Multi Company/Krishna Laxmi JV,<br>3. Sulav Infra Pvt.Ltd.,<br>4. Sobarna-Himalayan JV,<br>5. RSC-BBNS-NNS JV,<br>6. Sherpa-Devi Danda JV,<br>7. Aajiwan- Nechali-Rai Kancha JV,<br>8. Kailashnath-Bhanja-Shivabhakti JV,<br>9. Dharmadevi Construction Pvt. Ltd,<br>10. Shankar Trishakti-Sagarmatha- R.S JV,<br>11. Rhagawati/Rajlawat/Januka JV,<br>12. Imperial/Mahato/Windhorse JV,<br>13. Kanchanjangha/Pahadi/ Angbhuhang JV,<br>14. J&W-DSB JV,<br>15. Om Buddha-MKS JV,<br>16. Pabitra Nirman Sewa,<br>17. Makalu-East JV,<br>18. Aman-Sumitkala JV,<br>19. Sisne-RK-Jayalaxmi JV | Place: Office of Rural Municipal Executive, Aathrai Tribeni Rural Municipality, Hangpang, Taplejung<br>Date: 2081/06/21<br>Time: 12:00 PM |

**Chief Administrative Officer**

**साउदीमा रोजगार** | कम्पनी : INDUSTRIAL MECHANICAL CO.LTD | शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०६/१४ | चलानी नं.: ६०२२६०२४ | LT. No.:311406

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 6 | 0 | स. काममा दक्ष | 1500 | ५३,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २२ गते (8 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NEW ALFA H.R. SERVICES PVT. LTD.
श्रम इजाजत पत्र नं.: १०९०/०७३/०७४
Maharajgunj-3, Kathmandu | Tel: 01-4721183, 01-4721184
E-mail: newalfahrs@gmail.com | Web.: www.newalfahrs.com

**यूएईमा रोजगारको अवसर** | कम्पनी :OSOOL SMART APPS शहर : SARJAH
पूर्व स्वीकृत मितिः २०८१/०६/१४ | चलानी नं.: ६०२२६०१९ | L.T. No.:311493

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Deliver Boy | 100 | 0 | स. काममा दक्ष | 1600 | ५८,२०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २२ गते (8 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

WPHRC Ktm White Pearl H.R. Consultancy Pvt. Ltd. श्रम इजाजत नं.: १५३२/०७८/०७९
Shivapriya Marg, Sukedhara, Kathmandu, Tel : 01-5909824 . Mobile: 9823322273, 9823753731, 9813648113, 9818565885.
E-mail : whitepearlhrc@gmail.com Web : www.whitepearlhr.com

**साउदीमा रोजगार** | कम्पनी: ENGINEERING CORNER COMPANY FOR INSPECTION AND INSPECTION | शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०६/१४ | चलानी नं.: ६०२२६०१३ | LT. No.: 311461

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Trade Helper | 2 | 0 | स. काममा दक्ष | 1400 | ४९,८८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २२ गते (8 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
